ehetaudasandesh.com
हेटौंडा
राष्ट्रिय दैनिक
सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्ष: २५ ॥ अंक: ३०३ ॥ शुक्रबार ११ बैशाख २०८३ ॥ अष्टमी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Friday 24 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

मुख्यमन्त्रीको राजनीतिक सल्लाहकारमा लामाको राजीनामाले खनाललाई अवसर

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख राजनीतिक सल्लाहकारमा मकवानपुरका दामोदर खनाललाई नियुक्त गरिएको छ ।

प्रदेश सरकारको बिहीबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा बसेको मन्त्रीपरिषद् बैठकले खनाललाई प्रमुख राजनीतिक सल्लाहकारमा नियुक्त गर्ने निर्णय गरेको प्रदेश सरकारमा प्रवक्ता एवं आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले जानकारी दिनुभयो ।

नेपाली कांग्रेस मकवानपुर क्षेत्र नम्बर १ का सभापति खनाल मकवानपुरको बर्केया गाउँपालिकाका पूर्वअध्यक्ष हुन् ।

यसअघि मुख्यमन्त्री बानियाँको प्रमुख राजनीतिक सल्लाहकार रहेकाका कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले पदबाट राजीनामा दिएपछि खनाल नियुक्त भएका हुन् । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रमुख राजनीतिक सल्लाहकार लामाले राजीनामा दिएर मकवानपुरको क्षेत्र नम्बर २ मा कांग्रेसको तर्फबाट प्रतिस्पर्धा गरेका हुन् ।

उपभोक्ताको ढाड सेकिदै

बजारमा तरकारी महँगीयो

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा बजार क्षेत्रमा पछिल्लो समय तरकारीको मूल्यमा उल्लेख्य वृद्धि देखिएको छ । विशेषगरी हेटौंडाको चौकीटोल स्थित तरकारी थोक बजार र खोपेगल्ली लगायतका स्थानमा तरकारी महँगिँदा उपभोक्ता प्रत्यक्ष मारमा परेका छन् । दैनिक उपभोगका अत्यावश्यक तरकारीको मूल्य अस्वाभाविकरूपमा बढ्दा घर धुरीको भान्सा खर्च बढेको भन्दै स्थानीयले गुनासो गर्न थालेका छन् ।

व्यापारीहरूका अनुसार बजारमा तरकारीको आपूर्ति घट्नु र सिजन परिवर्तनको प्रभावका कारण मूल्य बढेको बताएका छन् । हिउँदे तरकारीको सिजन सकिँदै जाँदा र बर्खे तरकारी पूर्णरूपमा बजारमा नआइसकेकाले माग र आपूर्तिबीच अस्तन्तुलन देखिएकोले मूल्य बढेको उनीहरूले बताए ।

हेटौंडाका उपभोक्ताहरूका अनुसार पछिल्लो समय तरकारीको मूल्य उल्लेख्यरूपमा बढेको गुनासो गर्दै आइरहेका छन् । गत वर्षको तुलनामा अहिले बजारमा तरकारीको मूल्य अस्वाभाविकरूपमा बढ्दा घर धुरीको भान्सा खर्च बढेको भन्दै स्थानीयले गुनासो गर्न थालेका छन् ।

व्यापारीहरूका अनुसार बजारमा उपभोक्ताले तरकारी खरिद गर्दा पहिलेभन्दा बढी खर्च गर्नुपरेको अवस्था छ । बजारमा मूल्य नियन्त्रण र सहज आपूर्तिको व्यवस्थापन गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्ने उभोपभोक्ताहरु बताउछन् ।

शैक्षिक गुणस्तर बृद्धि गर्न ज्ञानदा माविको यस्तो छ योजना

सन्देश संवाददाता

हेटौंडा/उपमहानगरपालिका (१० मा रहेको ज्ञानदा माध्यमिक विद्यालयले चालु शैक्षिक सत्रमा विशेष योजनासहित शैक्षिक कार्यक्रम सुरु गर्ने भएको छ । विद्यालय परिसरमा पत्रकारसँग अन्तरक्रिया गर्दै विद्यालय प्रशासनले नयाँ योजनासहित शैक्षिक कार्यक्रम सुरु गर्ने जनाएको हो ।

विद्यालयका प्रधानाध्यापक विनोदकुमार गुप्तले शैक्षिक गुणस्तर बृद्धि गर्न विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिबीच सहकार्य गरेर योजना बनाइएको बताए । उनका अनुसार विद्यालयले अंग्रेजी माध्यममा पनि पठनपाठन सुरु गर्न लागेको छ । हरियाली, शान्त र अनुशासित वातावरणमा पढाई हुने यस विद्यालयमा विज्ञान प्रयोगशाला, लाइब्रेरी र गणित प्रयोगशालाको समेत व्यवस्था रहेको बताए ।

वि.स. २०८८ सालमा स्थापना भएको ज्ञानदा माध्यमिक विद्यालय २०५२ सालबाट पूर्ण सरकारी माध्यमिक विद्यालयको रुपमा स्वीकृती प्राप्त गरेको थियो । हाल ३ सय ३५ विद्यार्थी अध्ययनरत विद्यालयमा चालु शैक्षिक सत्रमा विद्यार्थीको संख्या बढाउने लक्ष्य लिइएको प्रधानाध्यापक गुप्तले बताए । जसका लागि १० नम्बर बडा कार्यालयको सहकार्यमा हेटौंडा-११ स्थित सिमलटार क्षेत्रमा भाडाको म्याजिक भ्यानको व्यवस्था मिलाइने तयारी गरिएको छ ।

१७ जना विषर्यविज्ञ शिक्षक सहित कुल २० जना कार्यरत यस विद्यालयमा शैक्षिक गुणस्तरसँगै विद्यालयको भवन निर्माणको कार्य समेत भैरहेको छ । अंग्रेजी माध्यममा अध्ययन गराउने उद्देश्य सहित विद्यालय परिसरमा दुईतले पक्की भवन निर्माण भैरहेको हो । जसका लागि बडा कार्यालय र हेटौंडा उपमहानगरपालिकाबाट समन्वय भैरहेको छ ।

आगामी ५ वर्षमा विद्यार्थीको संख्या १ हजार पुऱ्याउने लक्ष्य सहित नयाँ भर्ना अभियान सुरु गरिएको छ । हेटौंडा-१० मा रहेको एउटा मात्रै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरदेखि संरचना सुधारसम्मका लागि स्थानीय तहले सहयोग गर्ने बडा अध्यक्ष फूवा दोर्जे लामाले बताए ।

'शैक्षिक क्षेत्रलाई अब्बल बनाउन हामी जनप्रतिधिहरु रातदिन लाग्नेछौं, उनले भने, 'यस बडामा अब्बल संस्थागत विद्यालयहरु पनि छ । संस्थागतसँगै सामुदायिक विद्यालयलाई पनि कसरी राम्रो बनाउने भन्ने हिसाबले हामी अगाडि बढेका छौं । जसका लागि शिक्षक, जनप्रतिनिधि र विद्यालय व्यवस्थापन समिति एकजुट भएर लाग्नुपर्छ ।'

विद्यालयले दीर्घकालिन कार्यक्रम अन्तर्गत नयाँ सभाहल निर्माण गर्ने, विद्यालयको चौर र पर्खाल जिर्णोद्धार गर्ने, यातायातको स्थायी व्यवस्था गर्ने तथा खेल मैदानको व्यवस्था गर्ने जनाएको छ । आगामी ३ वर्षभित्रमा व्यवसायीक धारमा प्लस टु लगायतको बहुमुखी कार्यक्रम सञ्चालन गर्ने बताइएको छ ।

मनहरीका अध्यक्ष कालाखेतीले व्यक्तिगत खर्चमै गरिदिए स्ल्याब ढलान

सन्देश संवाददाता

हेटौंडा/मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले आफ्नो व्यक्तिगत लगानीमा गरिएको स्ल्याब ढलानको उद्घाटन गरेका छन् । मनहरी गाउँपालिका-२ स्थित कर्मचोकदेखि बडा कार्यालयसम्म जाने सडक स्ल्याब ढलान सम्पन्न गरेर उद्घाटन गरिएको हो ।

बडा कार्यालयसम्म आउजाउ गर्ने सडक ढलान नहुँदा हिड्डुल गर्न सकस भएको स्थानीयले गुनासो गरेपछि व्यक्तिगत लगानीमै ढलान गरिएको हो । ६ मिटर चौडाइ र २४२ मिटर लम्बाइ रहेको सडकको ढलानको काम सम्पन्न भएपछि बिहीबार उद्घाटन गरिएको हो ।

अध्यक्ष कालाखेतीले प्राविधिक जाँच गरी लागत स्टिमेट तयार गराउँदा २० लाख रुपैंया खर्च आउने गरी काम सुरु भएको थियो । स्टिमेटअनुसार नै ढलानका लागि व्यक्तिगत २० लाख रुपैयाँ खर्च भएको अध्यक्ष कालाखेतीले बताए ।

जेनजी आन्दोलनपछि गाउँपालिकामा भौतिक क्षति र बजेट कटौतीका कारण विकासका आयोजनाहरू प्रभावित भएका कारण अतिआवश्यक रहेको यस क्षेत्रमा आफ्नै खर्चमा स्ल्याब ढलान गरिएको उनको भनाइ छ । स्थानीयको आवश्यकतालाई मध्यनजर गर्दै निजी खर्चमा यो योजना सम्पन्न गराइएको उनले बताए ।

गत स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसबाट मनहरी गाउँपालिका अध्यक्षमा निर्वाचित भएका कालखेतीले पालिकाबाट आउने तलब, भत्तालगायतको सुविधा स्थानीयकै लागि खर्चदै आएका छन् । यसअघि गाउँपालिकामा रहेका अति विपन्न परिवारका लागि आवास निर्माण, विद्यार्थीको लागि शैक्षिक सामाग्री वितरणदेखि अन्य सामाजिक कार्यमा खर्चदै आएका छन् ।

कालाखेतीले आफ्नो तलब भत्ताबाट मनहरी-५ मा एकल महिला सोनी राईको घर निर्माण गरिसकेका छन् भने मनहरी-६ मा पनि अर्को घर निर्माणको काम भइरहेको जानकारी दिए । यस्तै, विपन्न बालबालिकालाई छात्रवृत्ति र पोसाक उपलब्ध गराउने काममा समेत उनले तलबभत्ता खर्च गर्दैछन् ।

आफ्ना सन्तानलाई कार्यरत विद्यालयमै पढाउँछन् जनप्रियका शिक्षकहरू

सन्देश संवाददाता

हेटौंडा/सरकारी विद्यालयमा अध्यापन गराउने शिक्षक तथा सरकारी कर्मचारीले आफ्ना छोराछोरी–रीलाई भने महङ्गे निजी विद्यालयमा पढाउने गरेको भन्दै आलोचना हुने गरेको छ । तर, मकवानपुरको हेटौंडा १६ मा रहेको जनप्रिय माध्यमिक विद्यालयमा अध्यापनरत शिक्षकहरुले भने आफ्ना सन्तान आफू अध्यापनरत विद्यालयमै पढाउन थालेको वर्षौं भइसक्यो ।

त्यहाँ अध्यापनरत झण्डै १ सयको हाराहारीमा रहेका शिक्षकले आफ्ना छोराछोरीलाई कार्यरत विद्यालयमै अध्यापन गराइरहेका छन् । प्रधानाध्यापक भुपेन्द्र चौलागाईले आफू त्यस विद्यालयमा सरुवा भएर आएपछि छोरी भविष्कर र छोरा भविष्यलाई नीजि विद्यालयबाट भिकेर जनप्रियमा भर्ना गरे । त्यसपछि सरु भयो कार्यरत शिक्षकका छोराछोरीको पनि जनप्रिय माविमै भर्ना गराउने क्रमको श्रृंखला । त्यतिले मात्रै यो क्रमको अन्त्य भएन बरु सरकारी विद्यालयमा अन्यत्र कार्यरत रहेका शिक्षकहरुसमेतले जनप्रिय माविमा आफ्ना नानीबाबु–लाई भर्ना गराउन सरु गरे । अहिले यो विद्यालयमा २ हजार भन्दा ज्यादा विद्यार्थीहरु अध्यापन गरिरहेको प्रधानाध्यापक चौलागाईले बताए ।

त्यसो त यो विद्यालयमा देशका करिब ३४ जिल्लाबाट आएका विद्यार्थीहरुले अध्ययन गरेको तथ्याङ्क छ । उत्कृष्ट प्राविधिकधारको शिक्षाले यहाँ अध्ययन गरेर फर्किएकाहरु कोहि पनि बेरोजगार बस्नु नपरेको खुशी साट्छन् सीटिइभिटी कार्यक्रम संयोजक अनिल सापकोटा ।

जनप्रिय माबि अध्ययन गरेर देशकै उच्च शैक्षिक प्रशासनका क्षेत्रमा काम गरेका रामशरण सापकोटाको पनि विद्यालयप्रति उत्तिकै सदभाव छ । उनले भने 'यो विद्यालय मध्य नेपालकै उत्कृष्ट शैक्षिक गन्तव्यमध्ये एक हो ।' त्यसो त जनप्रियको प्राविधिक धार अध्ययन गरेर सफल व्यवसायी बनेका पेन्चु लामाको अहिले आफ्नै कृषि फारम छ । ४ करोड लगानीमा यो नमुना कृषि फारम खोल्ने साहस जनप्रिय माविकै प्राविधिक शिक्षाले दिलाएको उनको पनि तर्क छ ।

जनप्रिय माविले पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरेयता कार्यक्रममा जोडिएका विद्यार्थीले आफ्नो खर्चका लागि अभिभावक गुहार्नु नपर्दो रहेछ । पढाइ खर्चको अलावा आफ्नो पकेट खर्च पनि पुरेको बताउँछिन् जनप्रियबाट प्राविधिक धारतर्फ एसईई दिएर बसेकी छात्रा सारा गिरी । कतिपय विद्यालयहरु विद्यार्थी अभावमा अर्को विद्यालयसंग एकिकृत भइरहेको अवस्थामा जनप्रियमा भने नयाँ विद्यार्थी भर्ना गर्न आउनेको घुँइचो छ । परीक्षा र लेखा शाखाका कर्मचारी प्रदिप दाहालले आए जति सबैलाई भर्ना गर्न गाह्रो भएको बताउँछन् ।

विद्यालयले प्राविधिक धारमा मात्रै होईन अभिभावकको अंग्रेजी शिक्षाप्रतिको मोहलाई पनि उत्तिकै रुपमा संबोधन गरेको छ । अंग्रेजी माध्यममा नै कक्षा १० सम्म र ६ देखि १० सम्म नेपाली माध्यम पनि दुवै धारमा सञ्चालन रहेको संयोजक रबिन श्रेष्ठले बताए ।

साधारण धारतर्फको शिक्षामा विज्ञान, वाणिज्य, शिक्षा, मानविकी संकायमा कक्षा १२ सम्म सञ्चालनमा रहेका छन् । जनप्रियमा सेवाक्षेत्रका समुदायको किन यति विश्वास बढ्यो त भन्ने प्रश्नमा विद्यास सदस्य गोविन्दप्रसाद दुलाल भन्छन् 'जनप्रियका शिक्षकले आफ्ना सन्ततीलाई आफू कार्यरत विद्यालयमै पढाउँछन् ।

समुदायले विश्वास नगर्नुपर्ने कुरै छैन ।' कक्षा ६ मा अध्ययनरत विभान थापामगरका अभिभावक भावना थापामगर बसाइ सरेर चितवन जानुअघि दुखेसो पोख्दै भन्छिन् 'अब यस्तै विद्यालय पाइन्छ वा पाइन्न, जहाँ कार्यरत शिक्षककै छोराछोरी पनि त्यहीं पढिरहेका होउन् ।

सूचना चुहाएर निगमलाई नोक्सानी

सन्देश संवाददाता

काठमाडौं । सामान्यतया नेपाल आयल निगमले पेट्रोल पम्पहरूलाई दैनिक औसत २० देखि २५ लाख लिटर पेट्रोल र ४५ देखि ५० लाख लिटर डिजेल बिक्री गर्ने गर्छ ।

तर, २८ फागुन २०८२ मा निगमले पेट्रोल पम्पहरूलाई ३० लाख ५५ हजार लिटर पेट्रोल र ८३ लाख ४५ हजार लिटर डिजेल बेच्यो । त्यस्तै २९ फागुनमा पेट्रोल पम्पहरूले ४२ लाख ५२ हजार लिटर पेट्रोल र ९६ लाख ६५ हजार लिटर डिजेल उठाए । ३० फागुनमा भने शनिवार भएर इन्धन बिक्री भएन ।

त्यसपछि १ चैतमा पनि ४८ लाख ६ हजार लिटर पेट्रोल र ९० लाख ९० हजार लिटर डिजेल बिक्री भयो । निगमले तीन दिन लगातार यसरी दैनिक औसतको दोब्बरभन्दा बढी परिमाणमा तेल बिक्री गरी सकेपछि १ चैत राति डिजेल र पेट्रोलको भाउमा उच्च वृद्धि गऱ्यो ।

अन्तर्राष्ट्रिय बजारमा भएको आकस्मिक मूल्यवृद्धिका कारण आईओसीले इन्धन मूल्य बढाएर पठाएको भन्दै निगमले पेट्रोलमा १५ रुपैयाँ र डिजेलमा १० रुपैयाँ मूल्य बढाएको थियो ।

अन्तर्राष्ट्रिय बजारमा आएको उतारचढावका कारण पेट्रोलियम पदार्थको भाउ बढ्ने अनुमान त व्यवसायी तथा निगम कर्मचारीलाई पक्कै थाहा थियो होला । तर, ती तीन दिनमा जुन परिमाणमा डिजेल र पेट्रोल बेचियो, त्यसबाट भने उच्च मात्रामा भाउ बढ्दै गरेको सूचना पहिल्यै पम्पहरूलाई चुहाएर उनीहरूले मागेजति इन्धन बिक्री गरेको स्पष्ट हुन्छ । यसबाट निगमलाई करोडौं रुपैयाँ नोक्सानी भएको तथ्यांकबाट पुष्टि हुन्छ ।

१ चैतमा निगम व्यवस्थापनले बढेको मूल्यसूची सार्वजनिक गर्दै 'मूल्य बढाउँदा पनि संस्था १५ दिनमै ३ अर्ब ९३ करोड रुपैयाँ घाटामा जाने' भन्दै वित्तीय विवरण समेत सार्वजनिक गरेको थियो ।

तथ्यांकले स्पष्ट बोल्छ- निगमको घाटा अन्तर्राष्ट्रिय बजारका कारण मात्र भएको होइन, मूल्य बढ्नुअघि पेट्रोल पम्प सञ्चालक (डिलर) हरूलाई सूचना चुहाएर 'इन्साइडर ट्रेडिङ' गरी गैरकानुनी लाभ लिएका कारण करोडौं घाटा देखिन्छ । निगमको तर्क हुन्छ, 'शनिवार बिदा हुने भएकाले शुक्रवार र आइतबार बजारमा तेलको माग केही बढी हुन्छ ।'

मुख्यमन्त्रीको राजनीतिक सल्लाहकारमा खनाल

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख राजनीतिक सल्लाहकारमा दामोदर खनाल नियुक्त भएका छन् । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले रिक्त प्रमुख राजनीतिक सल्लाहकारमा खनाललाई नियुक्त गर्ने निर्णय गरेको हो ।

उनी नेपाली कांग्रेस मकवानपुर क्षेत्र नम्बर-१ का सभापति हुन् । खनाल बर्केया गाउँपालिकाका पूर्वप्रमुखसमेत हुन् । यसअघिका सल्लाहकार तथा कांग्रेस मकवानपुर सभापति बुद्ध लामा फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार भएपछि प्रमुख सल्लाहकार पद रिक्त थियो ।

सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुन मन्त्री प्रभात तामाङका अनुसार बैठकले बागमती प्रदेश विश्वविद्यालयको संरक्षक सदस्यमा डा. प्रेमनारायण अर्यालालाई नियुक्त गरेको छ । सूचना प्रतिवेदन समितिको अध्यक्षमा धादिङका कृष्णराज अधिकारी र सदस्यमा मकवानपुरका अशोक श्रेष्ठलाई मनोनयन गरिएको छ । बैठकले सामाजिक विकास मन्त्रालयका प्रदेशसचिव खुबीराम अधिकारीलाई सहकारी तथा गरिबी निवारण मन्त्रालयको अतिरिक्त जिम्मेवारी दिने निर्णय गरेको हो । यसअघि उक्त मन्त्रालय सम्हाल्दै आएका बाबुराम पुरीलाई उक्त जिम्मेवारीबाट हटाएर मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सीमित गरिएको छ ।

नमोबुद्ध क्षेत्र विकास समिति अध्यक्षमा शंखबुद्ध लामा नियुक्त भएका छन् । बैठकले स्वास्थ्य सेवाका डा.अर्जुनप्रसाद सापकोटाको राजीनामा स्वीकृत गरेको छ भने समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका पदाधिकारी दामोदर केसीले स्वास्थ्यका कारण दिएको राजीनामा माघ ५ गतेदेखि लागु हुने गरी स्वीकृत गरिएको छ ।

मन्त्री तामाङका अनुसार बैठकले जेनजी आन्दोलनका क्रममा क्षति भएका कार्यसम्पादन मूल्यांकन व्यवस्थापनका लागि नयाँ नीति पारित गरेको छ । गरिबी निवारण नीति २०८२ र शैक्षिक छात्रवृत्ति निर्देशिका २०८३ स्वीकृत गरिएको छ । बैठकले प्रदेश पर्यटन (पहिलो संशोधन) ऐन २०८२ र प्रदेश राष्ट्रिय वन ऐन (पहिलो संशोधन) २०८३ लाई प्रदेशसभामा पेस गर्न स्वीकृति दिएको छ । विभुवन पार्क सञ्चालन तथा व्यवस्थापन समिति (पहिलो संशोधन) गठन आदेश २०८२ तथा आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि स्थानीय तहलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानसम्बन्धि प्रस्ताव पनि पारित गरिएको छ ।

व्यवसायी शेखर गोल्छा पक्राउ

सन्देश संवाददाता

काठमाण्डौं/हिमालयन रि-इन्स्योरेन्स लिमिटेडका तत्कालीन अध्यक्ष शेखर गोल्छा पक्राउ परेका छन् ।

उनलाई काठमाडौंको नक्सालबाट पक्राउ गरिएको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोका प्रमुख मनोज केसीले जानकारी दिए । उनका अनुसार गोल्छालाई 'धितोपत्र सम्बन्धी ऐन, २०६३' अन्तर्गतको कसूरमा पक्राउ गरिएको हो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान सिलसिलामा हिरासतमा रहेका विवादित व्यवसायी दीपक भट्टको व्यावसायिक कारोबारमा 'कनेक्सन' देखिएपछि छानविनका लागि गोल्छालाई पक्राउ गरिएको स्रोत बताउँछ ।

धितोपत्र बोर्डले अध्ययन गरेर सार्वजनिक गरेको एक प्रतिवेदनमा भट्ट र गोल्छाबीच कनेक्सन देखिएको थियो । व्यवसायी शेखर गोल्छाले भट्टको कारोबारको रकम भुक्तानीमा सहयोग गरेको बोर्डको प्रतिवेदनमा छ ।

प्रतिवेदनले के भन्छ ?

भट्ट र उनीसँग सम्बद्ध व्यवसायी हरूले मिलेमतोमा सेयर किन्ने र कृत्रिमरूपले मूल्य बढाउने गरेको बोर्डको अध्ययनले देखाएको छ । भट्टमाथि लागेको आर्थिक अपचलनका थुप्रै आरोपमध्ये यो एक आरोप हो ।

धितोपत्र बोर्डले अध्ययन गरेर सार्वजनिक गरेको प्रतिवेदनअनुसार भट्टले ३ अर्ब ८० करोड रुपैयाँ बराबरको नेपाल रि-इन्स्योरेन्सको सेयर र नबिल बैंक, एनएमबी बैंक, नेपाल एसबिआई बैंक र सिद्धार्थ बैंकको ऋणपत्र किनेको देखिएको छ । उनले यस्तो सेयर र ऋणपत्र किनेबेच गर्न आफ्नो लगानी रहेको हिमालयन रि-इन्स्योरेन्स कम्पनी र हिमालयन रिको लगानी रहेका सम्बद्ध कम्पनीहरू प्रयोग गरेको पाइएको छ ।

हिमालयन रि-इन्स्योरेन्सको लगानी रहेका गार्डियन माइको लाइफ इन्स्योरेन्स, क्रेस्ट माइको लाइफ इन्स्योरेन्स, प्रोटेक्टिभ माइको इन्स्योरेन्स र लिबर्टी माइको लाइफ इन्स्योरेन्ससमेत कारोबार गरेको धितोपत्र बोर्डको प्रतिवेदनमा उल्लेख छ ।

यति मात्र होइन, भट्टकै लगानी रहेको हिमालयन इन्भेष्टमेन्ट बैंकर लिमिटेडको एक सामूहिक लगानी कोषको रकमसमेत सेयर किनबेचमा प्रयोग भएको पाइएको बोर्डको अनुसन्धानमा देखिएको छ । प्रतिवेदन अनुसार यी सबैजसो कम्पनीबाट सेयर कारोबार गर्न एउटै 'आइपी एड्रेस' प्रयोग भएको छ । यसरी एकआपसमा कारोबार गर्दै नेपाल रि-इन्स्योरेन्सको सेयर, नबिल बैंक, एनएमबी बैंक, नेपाल एसबिआई बैंक र सिद्धार्थ बैंकको ऋणपत्रको मूल्य बढाउने गरिएको पाइएको छ ।

यस क्रममा भट्टमार्फत् भएको यस्तो कारोबारको मूल्य बढाउन सुलभ अग्रवालकी श्रीमती सुभी अग्रवाल, व्यवसायी राजबहादुर शाह, ऋषिराज मोर, रोहित गुप्ताबाट समेत सहयोग पुगेको धितोपत्र बोर्डको अध्ययनमा भेटिएको छ । व्यवसायी शेखर गोल्छाले भने कारोबारको रकम भुक्तानीमा सहयोग गरेको अध्ययनले उल्लेख गरेको छ ।

प्रतिवेदन अनुसार धेरैजसो कारोबार उधारोमा हुने गरेको थियो । भट्ट र उनीसँग सम्बद्ध व्यवसायी हरूबाट ब्रोकर कम्पनीले ४ अर्ब ७८ करोड लिन र उनीहरूले ४ अर्ब ४७ करोड ब्रोकरलाई तिर्न बाँकी रहेको प्रतिवेदनमा उल्लेख गरिएको आरोप उनीमाथि लगाईएको छ ।

स्मारकमा जातीय सङ्ग्रहालय सञ्चालन हुने

सन्देश संवाददाता

हेटौंडा/सहिद स्मारक हेटौंडामा जनजाति संग्रहालय सञ्चालन हुने भएको छ । संग्रहालयको पूर्वाधार निर्माण कार्य अन्तिम चरणमा पुगेको र असारको अन्तिम साता सम्म सञ्चालनमा ल्याईने भएको छ ।

संग्रहालय सञ्चालनका लागि मकवानपुर जिल्लामा क्रियाशिल विभिन्न जनजाति संगठनका अगुवाहरूसंग छलफल तथा अन्तर्क्रिया कार्यक्रम भएको स्मारक विकास समितिका सदस्य नवीन सिग्देलले जानकारी दिए । छलफलमा स्मारक विकास समितिका अध्यक्ष तथा पुष्प मूख्यमन्त्री डोरमणी पौडेलले आदिवासी जनजाती समुदायको भेषभुषा, रहनसहन, रितिरिवाज, भाषा संस्कृति पहिचान झल्काउने सामग्री संकलन गरिराखिने बताए ।

उनले संग्राहलय अवलोकनको साथै अध्ययन र अनुसन्धानको केन्द्र बन्ने र विभिन्न जातिजनजातिको असल संस्कार र मूल्यमान्यताको प्रचार र संरक्षण गर्न मदत गर्ने बताए । तत्काल चेपाङ, तामाङ, नेवार, थारू, माझी, मगर, गुरूङ, राई, लिम्बू, किरॉत राई, सुनुवार, बनकरिया, पहरीलगायतको पहिचान दिने सामग्री राख्न कार्य अगाडि बढाईएको छ ।

छलफल तथा अन्तरक्रियाबाट संग्राहलय व्यवस्थितरुपमा सञ्चालनका लागि आवश्यक सामग्रीहरुको संकलन, समन्वय र सहजिकरण गर्न रामकृष्ण थापाको संयोजक र सबै जनजातिका अगुवाहरू सदस्य रहेको समन्वय समितिसमेत गठन गरिएको छ ।

छलफलमा स्मारक विकास समितिका उपाध्यक्ष रामेश्वर राना, सचिव रघुनाथ खुलाल, समितिका सदस्यहरू नवीन सिग्देल, इन्द्रप्रसाद नेपाल, कृष्णराम न्यौपाने, स्मारकका कार्यालय प्रमुख रामचन्द्र न्यौपाने, नेपाल आदिवासी जनजाति महासंघ मकवानपुरका अध्यक्ष जङ्गबहादुर गुरूङलगायत विभिन्न जातीय संगठनहरूका अगुवाहरूको सहभागिता रहेको थियो ।

उखान: हजार तरवारभन्दा एउटा कलम बलियो हुन्छ।

|||| बेलाको बोली ||||

संसारमा केही पनि आफैँमा असल र खराब हुँदैनन्।

– शेक्सपियर

सम्पादकीय

घटना न्युनिकरणमा सक्रिय प्रहरी

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले चैत महिनामा प्रदेशभर भएका अपराध तथा सुरक्षा गतिविधिको विस्तृत विवरण सार्वजनिक गरे संगै प्रदेशका १० जिल्लामा कुल ५ सय ५१ वटा अपराधका घटनाहर दर्ता भएको पाईएको छ । प्रहरीले सार्वजनिक गरेको तथ्यांकअनुसार दर्ता भएका अपराधमध्ये २ सय १४ वटा जघन्य तथा गम्भीर प्रकृतिका रहेका छन् । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित २१ वटा घटना दर्ता भएका छन् भने आर्थिक अपराधका १ सय १० र अन्य प्रकृतिका १ सय १८ मुद्दा दर्ता भएको छ । यी घटनामा संलग्न ४ सय ५५ प्रतिवादी रहेका छन् । प्रहरीका अनुसार चैतमा सार्वजनिक स्थलबाट चोरी भएका तथा हराएका वस्तुहरूको खोजतलासमा उल्लेखनीय सफलता हासिल भएको दावी गरिएको छ ।

फैसला कार्यान्वयनतर्फ

प्रहरीले ३ सय ८८ जना फरार प्रतिवादी पक्राउ गर्न सफल भएको दावीसमेत गरेको छ । पक्राउ परेकामध्ये विभिन्न अदालतबाट तोकिएको ५१ वर्ष ६ महिनाको कैद सजाय कार्यान्वयन गरिएको छ भने २ करोड २८ लाख ६६ हजार ३ सय ७१ जरिवाना असुल भएको । यसले फैसला कार्यान्वयनमा प्रहरीको सक्रियता देखिन्छ । हराएका तथा फेला परेका व्यक्तिहरूको खोजतलास कार्य पनि तीव्ररूपमा अघि बढाउदै हराएका व्यक्तिमध्ये पुरुष ३४, महिला ४७, बालक १५, बालिका ४५ र ज्येष्ठ नागरिक ८ जना छन् । फेला परेकामध्ये पुरूष ७१, महिला ४४, बालक २०, बालिका ३९ र ज्येष्ठ नागरिक ७ जना छन् । खोजतलासका क्रममा केही व्यक्तिको खोजी जारी रहेको प्रहरीले जनाएको छ ।

यसैगरी लागुऔषध, जालसाजी, अवैध गाजा फडानीलगायतका अपराधका घटना कम गराउन प्रदेश प्रहरीको सक्रियता बढको पाउछौ भने अवैध हातहतियार नियन्त्रण अभियानअन्तर्गत् १२ नाल भरूवा बन्दुक बरामद गरेको छ भने ३ जनालाई पक्राउसमेत गरिएको । बागमती प्रदेशका १३ जिल्लामा शान्तिसुरक्षा सुदृढ बनाउन, दुर्घटना न्यूनीकरण गर्न तथा अवैध गतिविधि नियन्त्रण गर्न नियमितरूपमा प्रहरीको अभियान सञ्चालन भइरहेको छ । पछिल्लो दिनमा प्रहरीको गिरेको मनोबल उच्च बनाउन समाजका देखा परेको सबै प्रकारका आपराधिक गतिबिधिलाई न्युनिकरण गर्नुको बिकल्प देखिदैन ।

मकवानपुरमा आज

१: जानकारीमा नआएको

तपाईंको आज

मेष: चिताएका काम सम्पादन हुनेछन्। मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ। प्रतीक्षित नतिजाले उत्साह पनि नाफा कमाउन सकिनेछ।

बृष: मिहिनेत गर्दा उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ। कृषिकर्म अथवा कुनै व्यावसायिक कामको योजना प्रारम्भ गर्न सकिनेछ।

मिथुन: अवसर प्राप्त भए पनि समयको महत्व नबुझ्नाले पछि परिनेछ। अरूको आलोचना गर्दा आफैंलाई सहयोगीहरू टाढिन सक्छन्।

कर्कट: सुखद समाचारले दिन उत्साहपूर्ण र हनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्न सक्छ। मेहनतले काम सम्पादन गर्ने मौका दिलाउनेछ।

सिंह: आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय भएकाले बोली-व्यवहारमा सजग रहनुपर्ला। शुभचिन्तक–हरूको भावना बुझ्ने चेष्टा गर्नुहोला।

कन्या: सम्झौता गर्नुपरे पनि अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काम सुरु हुन सक्छ।

तुला: आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। परिस्थितिवश आफन्तबाट टाढिनुपर्ला। व्यवसायमा लगानी बढाउनुपर्ने अवस्था आउन सक्छ।

बृश्चिक: होसियारीसाथ काममा जुट्नुहोला। विदेश भ्रमणका लागि प्रयत्न गर्ने दौडधुप गर्नुपर्ला। दोहोऱ्याएर प्रयत्न गर्दा रोकिएको काम सम्पन्न हुन सक्छ।

धनु: लाभप्रद कामले लोभ्याए पनि फजुल खर्च हुन सक्छ। अवसरका लागि कडा परिश्रम गर्नुपर्ला देशविदेशको यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ।

मकर: आँटले काम लिन नसक्दा व्यवहारमा पछि परिनेछ। अरूको मुख ताक्ने बानीले पनि काम अधुरो रहनेछ। काममा समय दिन नसकिएला।

कुम्भ: बिगतका कमजोरीहरुलाई सुधार गर्ने मौका पाइनेछ। बुद्धिको उपयोगले ढिलै भए पनि काम बन्न लागि दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला।

मिन: आफ्नै बेहोसीले नोक्सान पुऱ्याउन सक्छ। बलजफ्तीले पनि बाधा पुऱ्याउनेछ। घरखर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ।

हाम्रो सम्पर्क ठेगाना

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

प्रशासनिक दम्भकाबीच नयां तलब प्रणाली

✍राजुराम राउत

नेपालको प्रशासनिक संरचनामा एउटा अनौठो मिश्रण छ। यहाँ परम्परागत सोच, कानुनी जटिलता र व्यवहारिक कमजोरीहरू एकअर्कामा गांसिएका छन्। यही संरचनाभित्र स्थायी कर्मचारीहरूका लागि मासिक तलब प्रणाली वर्षौंदेखि स्थिररूपमा चल्दै आएको छ। तर, समयसँगै आर्थिक व्यवहार, बजारको गति र श्रमको प्रकृति परिवर्तन भइरहेका बेला 'पाक्षिक तलब भुक्तानी' को अवधारणा पनि चर्चामा आउन थालेको छ। विशेषत: निजी क्षेत्रमा प्रचलित यो प्रणालीलाई यदि नेपाल जस्तो प्रशासनिक दम्भ बोकेको देशमा लागू गरियो भने त्यसका कानुनी, प्रशासनिक र सामाजिक प्रभावहरू कस्ता देखिन्छन् ? केही प्रसंग चर्चा गरौं।

☛ निजामती सेवा ऐन र कानुनी संरचनाको चुनौती:

नेपालको निजामती सेवा ऐन र त्यससंग सम्बन्धित नियमावलीहरूले तलब भुक्तानीको ढांचा स्पष्टरूपमा मासिक आधारमा परिभाषित गरेका छन्। यो केवल तलब दिने समयतालिका मात्र होइन, सम्पूर्ण वित्तीय अनुशासनको आधार हो। बजेट विनियोजन, लेखा परीक्षण, कर कटौती र भत्ता व्यवस्थापन सबै यही मासिक चक्रिय प्रणालीमा आधारित छ।

यदि पाक्षिक प्रणाली लागू गर्ने हो भने, प्रथमत: कानुनमै संशोधन आवश्यक पर्छ। तर, नेपालको कानुनी संशोधन केवल प्राविधिक प्रक्रिया मात्र होइन, राजनीतिक र प्रशासनिक इच्छाशक्तिको परीक्षण पनि हो। यस्ता साना सुधारका प्रस्तावहरू प्राय: यथास्थिति नै सुरक्षित छ भन्ने मानसिकताले रोक्छ र, सुधारको बहस कागजमै सीमित रहन्छ।

☛ प्रशासनिक दम्भ र परिवर्तनप्रतिको प्रतिरोध:

नेपालको प्रशासनिक प्रणालीमा एउटा गहिरो समस्या छ, दम्भ। प्राय: स्थायी कर्मचारीहरूमा प्रणालीको मेरुदण्ड मात्र होइन, कहिलेकाहीं त्यसको मालिक ठान्ने प्रवृत्ति पनि देखिन्छ। यस्तो अवस्थामा तलब भुक्तानी जस्तो विषयमा परिवर्तन प्रस्ताव गर्नु भनेको केवल आर्थिक कुरा मात्र होइन, मनोवैज्ञानिक चुनौती पनि हो। पाक्षिक तलब प्रणालीले कर्मचारीलाई बढी जिम्मेवार र उत्तरदायी बनाउन सक्छ। छोटो अन्तरालमा तलब पाउंदा कार्यसम्पादनको मूल्यांकन पनि सापेक्ष रूपमा नजिक हुन सक्छ। तर, यही कुरा कतिपयका लागि असहज हुनसक्छ।

☛ स्थायी कर्मचारीका लागि सम्भावित फाइदा:

पाक्षिक तलब प्रणालीको प्रमुख फाइदा आर्थिक व्यवस्थापनमा देखिन्छ। नेपालमा धेरै कर्मचारीहरू महिनाको सुरुवातमा तलब पाउंछन् र केही दिनमै आर्थिक संकटमा पर्छन्। यस्तो अवस्थामा पाक्षिक भुक्तानीले खर्च व्यवस्थापनलाई सन्तुलित बनाउन सक्छ। यसले व्यक्तिगत ऋणको निर्भरता पनि घटाउन सक्छ। ब्यक्तिगत, बैंक तथा सहकारीबाट महिनाको अन्त्यसम्म धान्न लिइने साना ऋणहरूको आवश्यकता कम हुन सक्छ। साथै, दैनिक जीवनका खर्चहरू बजार, शिक्षा, स्वास्थ्यलाई नियमितरूपमा व्यवस्थापन गर्न सजिलो हुन्छ।

☛ स्थायी कर्मचारीका लागि सम्भावित चुनौती:

सबै कुरा सकारात्मक मात्र हुँदैन। नेपालमा धेरै वित्तीय संरचनाहरू मध्ये घरभाडा, विद्यालय शुल्क, बैंक किस्ता जस्ता खर्चहरु मासिक आधारमा चल्छन्। पाक्षिक तलब प्रणालीले यी भुक्तानी हरूलाई व्यवस्थापन गर्न थप योजना आवश्यक बनाउंछ।

अर्को पक्ष, प्रशासनिक खर्च पनि बढ्न सक्छ। प्रत्येक १५ दिनमा तलब ब्यबस्थापन, कर कटौती, लेखा मिलान गर्नु भनेको अतिरिक्त काम हो। नेपालमा अहिले डिजिटल पूर्वाधार पूर्ण रूपमा सक्षम नभएको अवस्थामा यो प्रक्रिया झण्झटिलो बन्न सक्छ।

☛ दैनिक ज्यालादारी र करार सेवाका कर्मचारीसंग तुलना :

नेपालको सरकारी संरचनामा स्थायी कर्मचारीसंगै ठूलो संख्यामा दैनिक ज्यालादारी र करार सेवाका कर्मचारीहरू पनि छन्। यी कर्मचारीहरूको अवस्था हेर्दा, पाक्षिक तलब प्रणालीको बहस अझ सान्दर्भिक देखिन्छ। दैनिक ज्यालादारी कर्मचारीहरू प्राय: दैनिक वा साप्ताहिकरूपमा हिसाब गरिन्छ तर, भुक्तानी भने मासिकरुपमै गरिन्छ। उनीहरूको जीवनयापन प्रत्यक्षरूपमा काम र आम्दानीसंग जोडिएको हुन्छ। तर, बजेटको अभाव देखाउंदै करार सेवाका कर्मचारीहरूले भने कहिलेकाहीं महिनौंसम्म तलब नपाउने अवस्थासमेत छ।

यदि कर्मचारीहरूलाई पाक्षिक तलब बितरण गरिएमा, यसले यी दुई वर्गबीचको अन्तर केही हदसम्म घटाउन सक्दछ। किनकि भुक्तानीको अवधि नजिकिंदा कामको मूल्यप्रति संवेदनशीलता पनि बढ्छ।

☛सकारात्मक सामाजिक प्रभाव:

पाक्षिक तलब प्रणालीले एउटा महत्वपूर्ण सन्देश दिन सक्दछ। सरकारी कर्मचारी पनि बदलिंदो समयसंगै अनुकूल हुन सक्छन्। यसले निजी र सार्वजनिक क्षेत्रबीचको दूरी कम गर्न मद्दत गर्छ। यसका साथै, बजारमा नगद प्रवाह नियमित हुन्छ। प्रत्येक १५ दिनमा ठूलो संख्यामा तलब वितरण हुंदा स्थानीय अर्थतन्त्र सक्रिय रहन्छ। साना व्यवसाय, खुद्रा पसल, सेवा प्रदायकहरू सबैले यसको लाभ लिन सक्छन्।

☛ नकारात्मक सामाजिक प्रभाव:

यो प्रणालीले नयाँ असमानता पनि सिर्जना गर्न सक्छ। केवल स्थायी कर्मचारीहरूलाई मात्र यस्तो सुविधा दिइयो। तर, करार र ज्यालादारी कर्मचारीहरूलाई समाबेश गरिएन भने, अझ यो वर्ग उपेक्षित महसुस गर्न सक्छन्। त्यसैले सुधारको प्रक्रिया समावेशी हुनुपर्छ।

अर्को पक्ष, वित्तीय अनुशासन कमजोर भएका कर्मचारीहरूका लागि यो प्रणाली उल्टो हानिकारक हुन सक्छ। बारम्बार तलब आउंदा अनियन्त्रित खर्च बढ्न सक्छ, जसले दीर्घकालीन बचतलाई असर गर्छ।

☛ कर प्रणाली र लेखा व्यवस्थापन:

नेपालको कर प्रणाली पनि मासिक तलबसंग जोडिएको छ। स्रोतमा कर कटौती (TDS), सामाजिक सुरक्षा कोष, निवृत्तिभरण, योगदानमा आधारित सुबिधा सबै मासिक हिसाबमा चल्छन्। पाक्षिक प्रणालीले यी सबैलाई पुन: संरचना गर्नुपर्ने हुन्छ। यसका लागि डिजिटल प्रणालीको सुदृढीकरण आवश्यक छ। यदि प्राविधिक पूर्वाधार तयार छैन भने, सुधारले झन् जटिलता थप्न सक्दछ।

☛सुधारको सम्भावित मार्ग:

पाक्षिक तलब प्रणाली एकैचोटि लागू गर्नु व्यावहारिक नहुन सक्छ। यसको सट्टा, पाइलट प्रोजेक्टको रूपमा केही कार्यालय वा क्षेत्रहरूमा परीक्षण गर्न सकिन्छ। त्यसबाट प्राप्त अनुभवका आधारमा नीति निर्माण गर्न सकिन्छ। साथै, वित्तीय साक्षरता कार्यक्रमहरू पनि आवश्यक छन्। कर्मचारीहरूलाई खर्च व्यवस्थापन, बचत र लगानी बारे सचेत बनाइएमा यस्तो प्रणालीको प्रभाव अझ सकारात्मक हुन्छ।

☛ सुधारको साहसिक कदमको आवश्यकता:

नेपालको प्रशासनिक संरचना परिवर्तनको कुरा गर्दा सधैं एउटा प्रश्न उठ्छ,

'के यो सम्भव छ ?'

तर, सही प्रश्न हुनुपर्छ,

'के यो आवश्यक छ ?'

पाक्षिक तलब प्रणाली पूर्ण समाधान होइन। तर एउटा संकेत हो। सुधारको आवश्यकता छ। स्थायी कर्मचारी, करार सेवाका कर्मचारी र दैनिक ज्यालादारीबीचको असमानता घटाउने, आर्थिक अनुशासन सुधार्ने र प्रशासनिक उत्तरदायित्व बढाउने दिशामा यस्ता पहलहरू महत्वपूर्ण हुन सक्छन्।

तर, सुधार केवल प्रणाली परिवर्तनले मात्र हुँदैन। सोच परिवर्तन पनि आवश्यक छ। जबसम्म प्रशासनिक दम्भ घट्दैन र सेवामुखी भावना बलियो हुँदैन, कुनै पनि नयाँ प्रणाली पुरानै समस्याको नयाँ रूप मात्र बन्न सक्दछ।

अन्तत:, प्रश्न तलब कहिले दिने भन्ने होइन, प्रशासन कति उत्तरदायी छ भन्ने हो। र, त्यो उत्तर दायित्व नै सांचो सुधारको आधार बन्न सक्दछ।

: समाप्त :

कर्मचारी प्रशासन, ट्रेड युनियन र सरकार

✍हरिप्रसाद पाण्डेय

राष्ट्रका प्रमुख तीन अंग हुन् व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका। व्यवस्थापिकाले सार्वभौमसत्तासम्पन्न नेपाली जनताका भावना, इच्छा, आकांक्षा र आवश्यकता बमोजिम वर्तमान कानुन समय सापेक्ष संशोधन तथा नयाँ कानुन निर्माण र सरकार गठन गर्दछ। कार्यपालिकाले राज्य सञ्चालनको क्रममा व्यवस्थापिकाले बनाएको ऐन कानुन प्रभावकारीरूपमा कार्यान्वयन गर्दछ।

मुलुकी प्रशासन सञ्चालन गर्दा सार्वभौम शक्तिका मालिक नेपाली जनतालाई कानुन कार्यान्वयनको क्रममा पीरमर्का पर्न गएमा न्याय अन्याय छुट्याई निष्पक्ष न्यायदिने कार्य न्यायपालिकाबाट हुन्छ। नेपाल सरकारले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको कार्य सञ्चालन गर्न विभिन्न पदमान श्रेणी अन्तर्गतका कर्मचारी दरबन्दी स्वीकृत गर्दछ। उक्त स्वीकृत दरबन्दीभित्र आवश्यक पर्ने कर्मचारीहरू लोक सेवा आयोगको सिफारिसमा स्थायी नियुक्ति गरिन्छ। यसरी कार्यालय सहयोगी देखि मुख्य सचिवसम्मका कर्मचारीहरूको संगठनात्मक स्वरूपलाई समष्टिगतरूपमा कर्मचारी प्रशासन संयन्त्र भनिन्छ। अर्को शब्दमा भन्नुपर्दा कर्मचारी प्रशासनलाई नेपालको स्थायी सरकारको संज्ञा दिदै आएको छ।

कर्मचारी प्रशासनमा भर्ना, तालिम, बढुवा, सरुवा, दण्डपुरस्कार, अवकाश जस्ता पक्षहरू महत्वपूर्ण मानिन्छन्। लोक सेवा आयोगले मेरिट सिष्टमको आधारमा गर्ने सिफारिसपश्चात् प्राप्त स्थायी नियुक्ति पत्रले कर्मचारी जीवनको शुभारम्भ गराउंछ। कर्मचारीलाई दिइने तालिमले जिम्मेवारी बहनमा निखारता ल्याई वैयक्तिक उन्नति गर्ने उत्प्रेरणा प्रदान गर्दछ। तालिमले कर्मचारीको क्षमता ह्रास हुनबाट बचाउंदै बृत्ति विकासमा ठूलो भूमिका खेल्दछ। सरकारी सेवाको क्रममा राष्ट्र सेवकहरू सरुवा, बढुवा, पदस्थापन भई मुलुकका विभिन्न स्थानमा कामकाज गर्नुपर्ने हुन्छ। यसबाट देशको भौगोलिक अनुभव प्राप्त गर्नुको साथै क्षेत्रगत भ्रमण गर्ने सुअवसर मिल्दछ।

देश र जनताको सेवामा जनमुखी सेवाभाव र संगठनप्रतिको संलग्नता कर्मचारी प्रशासनको महत्वपूर्ण पक्ष हो। सेवाकालीन तालिमले कर्मचारी लाई नयाँ सिद्धान्त तथा विचारसम्बन्धी ज्ञान दिन्छ। ज्ञानले कर्मचारीको कार्य क्षमता बृद्धि गराउंदै पेशागतरूपमा जिम्मेवार बनाउंछ। तालिमले कर्मचारीको कार्य क्षमतामा आमूल परिवर्तन ल्याउंछ। कार्य प्रणालीका बारेमा परिचित गराउन समयसापेक्ष नवीनतम् प्रविधिको उच्चतम् उपयोग गर्दै आफ्नो कामप्रति जिम्मेवार भई मनोबल उच्च बन्दछ। कर्मचारीले म जनताको सेवक हुँ भन्ने भावनाले अभिप्रेरित हुँदै आफ्नो कार्य जिम्मेवारी पूर्वक सम्पादन गर्नुपर्दछ। कर्मचारी प्रशासनले मातहतका कर्मचारीको कार्यशैलीमा मुस्कान मैत्री सेवाभाव थप गर्दै विद्यमान मूल्याङ्कन परिपाटीलाई सरल बनाउन महत्वपूर्ण भूमिका खेल्नु पर्दछ।

नागरिकले आफ्नो योग्यता, ज्ञान, सीप, क्षमता, अनुसारको पेशा अवलम्बन गर्नका लागि, सरकारी तथा गैरसरकारी सेवा, व्यापार व्यवसाय, उद्योगधन्धा सञ्चालनलगायतका विभिन्न अवसरको खोजी गर्दछन्। आफू सम्वद्ध निकायमा कामकाज गर्दा पेशागत सुरक्षा तथा सेवा सुविधाका विषयमा सरकारसंग सौदावाजी गर्नको लागि पेशागत संघ संगठन खोल्न पाउने हकअधिकार लोकतान्त्रिक शासन व्यवस्था भएका राष्ट्रका कर्मचारीले खोज्छन्। कर्मचारी संगठित हुने अधिकार निजामती सेवा भित्रको आफ्नै उपज भने होइन। नेपालमा २०४६ सालको राजनीतिक परिवर्तनपश्चात निजामती कर्मचारीले संघसंगठन खोल्ने अधिकार पाएका हुन्। नेपालको कर्मचारी प्रशासनमा यो नौलो अनुभव हो।

नेपालको कर्मचारी प्रशासनमा निजामती सेवा ऐनलाई अन्य सबै सेवा समूहको लागि मार्गदर्शन ऐनको रूपमा लिने गरिएको छ। निजामती सेवा ऐन, २०४९ को दफा ५३ मा निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन सम्बन्धी व्यवस्था गरिएको छ। ट्रेड युनियन खोल्न वैधानिकताको लागि श्रम तथा रोजगार प्रवर्द्धन विभागमा दर्ता गर्नु पर्दछ। कार्यालय प्रमुखको जिम्मेवारीमा रहेका राजपत्राकित कर्मचारीबाहेक राजपत्राकित तृतीय श्रेणी वा सोभन्दा मुनिका कर्मचारीले पेशागत हकहितको लागि राष्ट्रियस्तरको निजामती कर्मचारी ट्रेड युनियन गठन गरी सदस्यता लिन सक्ने कानुनी व्यवस्था छ।

निजामती सेवालाई प्रभावकारी बनाउंदै कर्मचारीको हकअधिकार संरक्षण सम्वर्द्धन गर्नको लागि नेपाल सरकारलाई रचनात्मक सुझाव र सहयोग गर्नु ट्रेड युनियनको कर्तव्य हो। निजामती कर्मचारी ट्रेड युनियनले कर्मचारी भेला गरी तालिम, गोष्ठी, प्रशिक्षणलगायतका रचनात्मक कार्य सञ्चालन गर्नसक्छ। निजामती सेवा ऐनले निजामती कर्मचारीको ट्रेड युनियनलाई महासंघ गठन गर्ने, त्यसको सदस्य बन्ने, अन्तर्राष्ट्रिय संघ वा महासंघको सदस्य बन्ने र आफ्नो संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने अधिकार दिएको छ। नेपाल सरकारले निजामती सेवासंग सम्बन्धित कानुन निर्माण गर्दा निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको सल्लाह/सुझाव लिन सक्ने कानुनी व्यवस्था छ।

कर्मचारीहरूको रोजगारीको हकहित संरक्षण सम्वर्द्धन गर्ने विषयमा आवाज उठाउने स्वतन्त्रता निजामती कर्मचारीको ट्रेड युनियनलाई हुन्छ। निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनले कर्मचारीहरूको साझा स्वार्थ स्थापना र प्रवर्द्धनका क्षेत्रमा काम गर्ने भएकोले संगठनात्मक उद्देश्य पूरा गर्न सकारात्मक भूमिका खेल्नु पर्दछ। सञ्चार प्रणालीलाई व्यवस्थित गरी प्रशासनिक कार्यलाई समन्वयात्मकढंगले अघि बढाउन आधिकारिक ट्रेड युनियनले प्रेरित गर्नुपर्दछ। नेपाल सरकारलाई कर्म-चारी प्रशासन क्षेत्रमा नीति निर्माण गर्दा आधिका-रिक ट्रेड युनियनले कर्मचारीहरूको इच्छा, आकांक्षा, भावना, चाहनालाई समाहित गर्दै दिएका रचनात्मक सल्लाह सुझावले सकारात्मक सन्देश दिन सक्दछ। कर्मचारीले आफ्नो कामप्रतिको स्वामित्व स्थापना गर्न नसकेको अवस्थामा ट्रेड युनियनले आन्तरिक सम्भावना उजागर गर्न महत्वपूर्ण योगदान पुऱ्याउनु पर्दछ।

सार्वभौमसत्तासम्पन्न नेपाली जनताले आफ्नो गांस काटेर तिरेको कर रकमबाट तलव भत्ता खाने कर्मचारीहरू सदासर्वदा म जनताको सेवक हुँ भन्ने भावनाले प्रेरित हुनुपर्दछ। कर्मचारीको पेशागत हकअधिकार संरक्षण सम्वर्द्धन गर्ने जस्तो महत्वपूर्ण विषयमा नेपाल सरकारसंग सौदावाजी गर्न गठित आधिकारिक ट्रेड युनियनले अधिकार उपयोग गर्दा ध्यान दिनुपर्ने विषयमा व्यावसायिक र निष्पक्ष सेवा प्राप्त गर्ने सेवाग्राहीका साथ कर्मचारीको हकहित कसरी सन्तुलन गर्ने ? कर्मचारी संगठित हुने अधिका-रको उपयोग गर्दा बाह्य प्रभावबाट कसरी अछुतो राखी निजामती सेवाको शाख जोगाउने ? लोकतान्त्रिक अधिकार र निजामती आदर्शलाई साथसाथै लैजांदा कसरी निजामती सेवाको गरिमा स्थापित गर्न सकिन्छ ? कर्मचारी संगठनलाई ट्रेड युनिज्मबाट अलग राखी सार्वजनिक निष्ठा र नैतिकता कसरी कायम गर्न सकिन्छ ? कर्मचारी ट्रेड युनियनले राजनीनिक दलको भातृसंगठनका रूपमा काम गर्दै आएका छन् भन्ने जनताको बुझाइलाई कसरी स्पष्ट पार्न सकिन्छ ? उपर्युक्त पांच प्रश्नको सन्तोषजनक उत्तर खोज्नुपर्ने बेला आएको छ।

सार्वभौमसत्तासम्पन्न जनताले निर्वाचित गरी पठाएका जनप्रतिनिधिबाटै सरकार गठन हुन्छ। अर्थात् सरकार भनेको जनताको प्रतिनिधि हो। सरकारले नागरिकको कुशल अभिभावकत्व निर्वाह गर्न सक्नु पर्दछ। नेपालमा २०६२/०६३ को राजनीतिक परिवर्तनपश्चात् आएको नेपालको संविधान, २०७२ बमोजिम २०८२ फागुन २१ गते सम्पन्न तेस्रो आमनिर्वाचनबाट नेपाली जनताले अप्रत्याशित परिणाम दिएका छन्। नेपालको इतिहासमै २०८२ चैत १३ गते सम्माननीय प्रधानमन्त्री श्री बालेन्द्र शाहको अध्यक्षतामा शक्तिशाली मन्त्रिपरिषद् गठन भयो। सरकार गठन भएकै दिन बसेको पहिलो मन्त्रिपरिषद् बैठकबाट मुलुकको शासकीय सुधारसम्बन्धी एकसय कार्यसूची तयार गरी प्रभावकारीढंगले कार्यान्वयन गर्ने निर्णय गरेको छ।

देशको शासकीय सुधारगर्ने एकसय कार्यसूचीमध्ये सार्वजनिक प्रशासनलाई पूर्णत: राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै निष्पक्ष, तटस्थ र नागरिकप्रति उत्तरदायी बनाउने उद्घोष भएको छ। निजामती कर्मचारी, शिक्षक, प्राध्यापकलगायतका राष्ट्र सेवकले कुनै पनि राजनीतिक दल, समूह वा स्वार्थ केन्द्रसंगको प्रत्यक्ष अप्रत्यक्ष आवद्धताबाट मुक्त भई आफ्नो पदीय कार्यसम्पादन गर्न निर्देशन गरेको देखिन्छ। सार्वजनिक प्रशासनमा दलीय ट्रेड युनियन खारेज गरी अवाञ्छित हस्तक्षेप र अनौपचारिक दबाबको अन्त्य गर्दै निर्णय प्रक्रिया तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने कानूनी व्यवस्था गर्न ४५ दिनभित्र संघीय निजामती सेवा विधेयक तयार गर्ने भनिएको छ।

कर्मचारी प्रशासनको कार्य क्षेत्रमा ट्रेड युनियनको जन्म भएदेखिका कार्यहरू अध्ययन गर्दा दलहरुको भातृसंगठन जस्तो भान हुने गरी कामकाज गरेको शाश्वत तथ्यलाई नकार्न सकिदैन। राष्ट्र सेवक कर्मचारीले राजनीति गर्ने हो भने आफ्नो पदबाट मार्गप्रशस्त गर्दै निर्वाचनको माध्यमबाट जनप्रतिनिधि भई खुलारूपमा राजनीति गर्न नेपालको संविधानले अधिकार दिएको छ। नेपाल सरकारले ल्याएको शासकीय सुधारसम्बन्धी एकसय कार्यसूची पूर्णत: कार्यान्वयन भएपछि बिगतमा भएका कमीकमजोरी सुधार हुँदै जानेछन्। तबमात्र जनताले तिरेको करबाट तलब भत्ता खाने राष्ट्र सेवकले जनताको सेवा मुस्कानमैत्रीढंगले पुऱ्याउने वातावरण सिर्जना हुनेछ।

कर्मचारीले सार्वभौमसत्तासम्पन्न जनताको सेवा गर्दा राजनीतिबाट प्रेरित हुँदै गएको यत्रतत्र गुनासो सुनिन्छ। नेपालको कर्मचारी प्रशासनको भूमिकाप्रति सन्तोष लिने अवस्था क्रमश: घटदै गएको पाइन्छ। कर्मचारी आचरणका महलहरू कितावी पानामा सीमित देखिन्छन्। कर्मचारी ट्रेड युनियन पेशागत हकहितभन्दा व्यक्तिगत आग्रह र स्वार्थमा लक्षित रह्यो। सरकार र कर्मचारी ट्रेड युनियनबीच समन्वयको कमी भएको हो कि ? कर्मचारी ट्रेड युनियनलाई अधिकारको भोक निकै लाग्यो तर कर्तव्यको तिर्खा भने पटक्कै लागेन। कर्मचारी ट्रेड युनियनलाई सैद्धान्तिक आदर्शअनुरूप प्रभावकारी बनाउन देशभर एउटै मात्र आधिकारिक ट्रेड युनियन राख्नु सान्दर्भिक हुन्छ भन्दा अत्युक्ति नहोला।

: समाप्त :

(लेखक: नेपाल सरकारका सेवानिबृत्त उपसचिव हुनुहुन्छ।)

राजीनामा: नयाँ सरकारको लागि चुनौती कि अवसर ?



नेपालमा नयाँ सरकार गठन भएसँगै जनतामा आशा, अपेक्षा र उत्साह स्वभाविकरूपमा बढेको छ। हरेक पटक जस्तै यसपटक पनि नागरिकहरूले परिवर्तनको अपेक्षा गरेका छन्, सिर्फ सरकार परिवर्तन होइन, शासनशैलीमा सुधार, पारदर्शिता र उत्तरदायित्वको स्थापनासहितको परिवर्तन। तर, सुरुवातमै केही मन्त्रीहरूको राजीनामा र विवादले सुसासनको यात्रालाई प्रश्नचिन्हमा राखेको देखिन्छ। यस्तो अवस्थाले जनतामा निराशा त ल्याउँछ नै, सरकारको विश्वसनीयतामा पनि असर पार्छ।

राजीनामा लोकतान्त्रिक अभ्यासको एउटा महत्वपूर्ण अंग हो। जब कुनै पदाधिकारीमाथि नैतिक, कानुनी वा प्रशासनिक प्रश्न उठ्छ, त्यस्तो अवस्थामा पद छोड्नु जिम्मेवारी र उत्तरदायित्वको संकेत मानिन्छ।

तर, बारम्बार हुने राजीनामाले सरकारको स्थायित्व र कार्यक्षमता माथि नै प्रश्न उठ्न थाल्छ। यसैले, राजीनामालाई केवल दबाबको परि-णाम होइन, सुसाशनको एउटा उपकरणका रूपमा बुझ्न जरुरी छ।

राजनीतिक चिन्तक Niccolo Machiavelli ले राज्य सञ्चालनमा यथार्थवादी दृष्टिकोण अपनाउनु पर्ने बताएका छन्। उनका अनुसार, शासकले जनताको विश्वास जित्न र राज्यलाई स्थिर राख्न परिस्थितिअनुसार कठोर निर्णय लिन पनि तयार हुनुपर्छ। त्यस्तै, दोस्रो विश्वयुद्ध पछि Winston Churchill ले बेलायतलाई संकटबाट बाहिर निकाल्दा देखाएको नेतृत्व आज पनि उदाहरणीय मानिन्छ। उनले जनताको भावना बुझ्दै, स्पष्ट दृष्टिकोण र दृढ निर्णय मार्फत् देशलाई एकताबद्ध बनाए।

नेपालको सन्दर्भमा हेर्दा, सुसासनको मुख्य चुनौती भनेको प्रणालीगत कमजोरी हो। न्यायालय-देखि प्रशासनसम्म, धेरै निकायहरूमा पुरानो सोच, समूहगत स्वार्थ र अपारदर्शी प्रक्रिया अझै हावी छन्। कतिपय अवस्थामा, संस्थाहरू "भर्ती केन्द्र" जस्ता देखिन्छन् जहाँ योग्यता भन्दा सम्बन्ध र पहुँचको प्रभाव बढी हुन्छ। यस्तो संरचनात्मक समस्या समाधान नगरी केवल व्यक्ति परिवर्तनले मात्र दीर्घकालीन सुधार सम्भव छैन।

यसै सन्दर्भमा "राइट टु रिकल" (Right to Recall) जस्तो अवधारणाले नागरिकलाई प्रत्यक्ष रूपमा नेतृत्वप्रति उत्तरदायी बनाउन सक्छ। यदि जनताले निर्वाचित प्रतिनिधिलाई बीचमै फिर्ता बोलाउन सक्ने अधिकार पाए भने, नेताहरू थप जिम्मेवार बन्ने सम्भावना रहन्छ। तर, यस्तो व्यवस्था लागू गर्दा कानुनी स्पष्टता, दुरुपयोग रोक्ने संयन्त्र र जनचेतना आवश्यक हुन्छ।

अर्कोतर्फ, विकासको उदाह–रणका रूपमा Lee Kuan Yew को नेतृत्वमा सिंगापुरले गरेको प्रगति उल्लेखनीय छ। सानो देश भएर पनि स्पष्ट नीतिगत दिशा, कडा कानुनी कार्यान्वयन र भ्रष्टाचारप्रति शून्य सहनशीलताले सिंगापुरलाई विश्वकै सफल राष्ट्रमध्ये एक बनायो। नेपालले पनि यस्ता उदाहरणबाट सिकेर आफ्नै सन्दर्भअनुसार नीति निर्माण गर्न सक्छ।

अब प्रश्न उठ्छ, नयाँ सरकारले के गर्न सक्छ ?

सबैभन्दा पहिले, सरकारले सुसासनलाई नारा होइन, व्यवहारमा उतार्नु पर्दछ। पारदर्शी नियुक्ति प्रणाली, डिजिटल सेवा विस्तार, र सार्वजनिक खर्चको स्पष्ट विवरण नागरिकसमक्ष प्रस्तुत गर्नु आवश्यक छ। जब नागरिकले सरकारको काम प्रत्यक्षरूपमा देख्न र मूल्यांकन गर्न सक्छन्, तब विश्वास स्वतः बढ्छ।

दोस्रो, पुराना उद्योगहरूको पुनरुत्थान अत्यन्त आवश्यक छ। हेटौंडा कपडा उद्योग, हेटौंडा सिमेन्ट, भृकुटी कागज, ओरिएन्टल म्याग्नेसाइट, गोरखकाली रबर उद्योग जस्ता उद्योगहरू केवल आर्थिक इकाइ मात्र होइनन्, यी राष्ट्रिय आत्म निर्भरता र रोजगारीका आधारहरु हुन्। यस्ता उद्योगहरु पुन: सञ्चालन गर्दा पारदर्शिता, निजी क्षेत्रसँग सहकार्य, र आधुनिक प्रविधिको प्रयोग अनिवार्य हुनुपर्छ।

तेस्रो, भ्रष्टाचारविरुद्ध कडा कदम चाल्नुपर्छ। "ठूला माछा" समात्ने प्रतिबद्धता व्यवहारमा देखिनु पर्दछ। अनुसन्धानका निकाय-हरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्दै, कानुनको समान कार्यान्वयन सुनिश्चित गर्नुपर्छ। यसले मात्र जनतामा न्यायको अनुभूति गराउन सक्दछ।

चौथो, आलोचनालाई सकारात्मकरूपमा लिनुपर्छ। लोकतन्त्रमा आलोचना कमजोरी होइन, सुधारको अवसर हो। सर-कारले आलोचनालाई "अवरोध" नभई "सुझाव" का रूपमा ग्रहण गर्दै, आवश्यक सुधार गर्न सक्नु पर्छ। "चना चपाए झैं" आलोचना पचाएर अघि बढ्ने क्षमता नै परिपक्व नेतृत्वको असली पहिचान हो।

पाँचौं, जनताको भावनालाई केन्द्रमा राखेर नीति निर्माण गर्नु पर्दछ। विकास केवल ठूला परि-योजनाबाट होइन, साना तर प्रभावकारी कार्यक्रमबाट पनि सम्भव हुन सक्दछ। स्थानीयस्तरमा रोजगारी सिर्जना, कृषि र पर्यटनको प्रवर्द्धन, र शिक्षा तथा स्वास्थ्यमा सुधारले दीर्घकालीन परिवर्तन ल्याउन सक्छ।

अन्ततः, नयाँ सरकारका लागि अहिलेको अवस्था चुनौती मात्र होइन, अवसर पनि हो। प्रारम्भिक विवाद र राजीनामाले देखाएको कमजोरीलाई सुधार्दै, यदि सरकारले पारदर्शिता, उत्तरदायित्व र दृढ नेतृत्व देखाउन सक्छ भने, यही समय इतिहास बदल्ने अवसर बन्न सक्छ।

देश बनाउने काम सजिलो छैन। यसका लागि आलोचना, अवरोध र षड्यन्त्र सबै सामना गर्नुपर्छ। तर बुद्धिमत्ता, चातुर्य र सुजबुझका साथ अघि बढ्दा कुनै पनि चक्रव्यूह सहजरुपमा तोड्न सकिन्छ। जनताको विश्वास नै सरकारको सबैभन्दा ठूलो शक्ति हो। यही विश्वासलाई कायम राख्दै, सुसासनको बाटोमा दृढतापूर्वक अघि बढ्नु आजको आवश्यकता हो।

अन्धकारले नछेकेको उज्यालो बाँड्ने यात्रा

कैलाली/जीवनमा उज्यालो देखनका लागि सधैं आँखाको आवश्यकता पर्दैन, कहिलेकाहीं आत्मविश्वास, मेहनत र दृढ इच्छाशक्तिले पनि बाटो देखाइदिन्छ। यहाँको बर्दगोरिया गाउँपालिका–३, रानीकुण्डाका ४२ वर्षीय बिकटलाल चौधरी यसका उदाहरण हुन्। जन्मजात दृष्टिविहीन उनले अँध्या–रोसँग हार मानेनन्, बरु त्यही अँध्या–रोभित्रबाट उज्यालो खोज्दै आफूमात्र होइन, हजारौं विद्यार्थीको भविष्य उज्यालो बनाउने यात्रामा लागे।

२०६५ देखि जगदम्बिके भगवती माध्यमिक विद्यालयमा शिक्षण पेसामा संलग्न चौधरीले १५ वर्ष बढी समय कक्षाकोठामा बिताइसकेका छन्। उनका लागि विद्यालय केवल जागिर खाने थलोमात्र होइन, जीवनको उद्धेश्य हो। उनी कक्षामा उभिँदा आँखाले नदेखे पनि विद्यार्थीको क्षमता, सम्भावना र भविष्य देख्ने आत्मदृष्टिले उभिन्छन्।

उनले पढाएका विद्यार्थीहरु हाल विभिन्न क्षेत्रमा स्थापित छन्। गाउँबाट पढेका ती विद्यार्थीहरु सफल भएको देख्दा उनलाई आफ्नो संघर्ष सार्थक भएको अनुभूति हुन्छ। उनी भन्छन्–मैले दिएको सानो ज्ञानले पनि कसैको जीवन बदलिन्छ। त्योभन्दा ठूलो खुशी अरु केही हुँदैन। तर, उनको जीवनयात्रा सहज भने थिएन। सानै उमेरमा बुबाआमा गुमाउनु पर्‍यो। पारिवारिक सहारा कमजोर बन्दै गयो। दृष्टि कमजोर हुँदा दैनिक जीवन झन् कठिन बन्दै गयो। दाजु पनि दृष्टिविहीन हुँदा दिदी, भिनाजु र बहिनीको सहारामा बाँच्नुपरेको उनी बताउँछन्।

बाल्यकालमा भोगेका अपमान र पीडा उनका स्मृतिमा ताजा छन्। गाउँमा कतिपयले उनलाई अन्धो भनेर बोलाउँथे, सँगै हिँड्न हिचकिचाउँथे। हिँडडुल गर्न, विद्यालय जान दैनिक जीवनयापन निर्वाह गर्नलगायत सबै कुरा चुनौतीपूर्ण थियो। यी कठिनाइले उनलाई कमजोर बनाउनुको साटो अझ बलियो बनायो। सुरुमा आफूले पढ्न सक्दिनँ भन्ने लागे पनि एक जना शिक्षकको साथ र प्रेरणाले उनको सोच बदलियो। शिक्षकले घरमै आएर पढाइमा सहयोग गरेपछि उनको आत्मविश्वास बढ्दै गयो। उनले बुझ्दै गए की शारीरिक क्षमतामा सीमितता भए पनि सिक्ने चाहना र मेहनत भए सम्भावना असीमित हुन्छ।

एसएलसी उत्तीर्ण गरेपछि उनले शिक्षण पेसामा पाइला टेके। त्यस समय उनका लागि केवल जागिर सुरु गर्ने क्षण थिएन, जीवनलाई नयाँ अर्थ दिने मोड थियो। दृष्टिविहीन भएर पनि कक्षामा उभिएर पढाउनु सजिलो थिएन। तर, उनले कहिल्यै आफूलाई कमजोर ठानेनन् बरु कमजोरीलाई नै शक्ति बनाउँदै अघि बढे। अध्यापनसँगै उनले उच्चमाध्यमिक तह उत्तीर्ण पनि गरे। कक्षामा उनी केवल पाठ्यपुस्तकका कुरामात्र गर्दैनन्, जीवनका अनुभव पनि साट्छन्। उनको पारिवारिक जीवन पनि संघर्षपूर्ण छ। उनकी पत्नी पनि दृष्टिविहीन छन्। १३ वर्षीया छोरी र दुई वर्षीय सानो छोराको जिम्मेवारी उनीहरुले मिलेर सम्हालिरहेका छन्। छोरीले सानो उमेरमै ठूलो जिम्मे–वारी बोकेकी छन्। घरको कामकाजदेखि बाबुआमाको हेर चाहसम्ममा उनी सक्रिय छन्।

चौधरीको जीवनमा संगीत र साहित्यले पनि विशेष स्थान ओगटेको छ। उनी कहिलेकाहीं गीत गाउँछन् भने कविता पनि लेख्छन्। सानै कक्षामा पढ्दा लेखेको एउटा कविताले उनको सोच झल्काउँछ– आँखा बन्द भए पनि दिमाग बन्द हुँदैन। यही विश्वासले उनलाई निरन्तर अघि बढ्न ऊर्जा दिएको छ। समाजमा अपांगता भएका व्यक्तिहरुप्रति दृष्टिकोण बिस्तारै बदलिँदै गएको छ। 'पहिले हेप्नेहरु हाल सम्मानसाथ बोलाउँछन्, सल्लाह माग्छन्,' उनी भन्छन्। गाउँमा कुनै कार्यक्रम हुँदा उनलाई विशेषरुपमा बोलाइन्छ। उनी अब केवल एउटा व्यक्तिमात्र होइन, अनुभव र प्रेरणाको स्रोत बनेका छन्। उनका विचारमा अपांगता भएका व्यक्तिहरुलाई दया होइन, अवसर चाहिन्छ। 'हामीलाई कमजोर ठानेर पछाडि राख्नु हुँदैन। अवसर दिइयो भने हामी पनि काम गर्न सक्छौं,' उनी भन्छन्।

काठमाडौंको वायुप्रदूषण *धेरै अस्वस्थ्य*

काठमाडौं/काठमाडौं उपत्यकामा वायुप्रदूषण बढ्न थालेको छ। वर्षात् भएसँगै सुधार देखिएको वायुगुणस्तर अचानक खस्किँदै धेरै अस्वस्थ्य तहमा पुगेको छ।

एयर क्वालिटी इन्डेक्स (एक्युआई) का अनुसार मंगलबार दिउँसो करिब ९२ को हाराहारीमा रहेको वायुगुणस्तर सूचकांक बिहीबार विहान ११ बजेसम्म बढेर २४७ पुगेको छ। यो स्तर धेरै अस्वस्थ्य श्रेणीमा पर्छ, यसले सर्वसाधारणको स्वास्थ्यमा असर पार्न सक्ने जनाइएको छ।

एक्युआईको मापदण्डअनुसार ०–५० सम्म राम्रो, ५१–१०० मध्यम, १०१–१५० अस्वस्थ्य, १५१–२०० सबैका लागि अस्वस्थ्य, २०१–३०० धेरै अस्वस्थ्य र ३०० भन्दामाथि अत्यन्त खतरनाक मानिन्छ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुबेदीका अनुसार वर्षा नहुनु, बढ्दो सुक्खा, कृषि अवशेष जलाउने प्रवृत्ति तथा वन डँढेलोका घटनाले वायुप्रदूषण बढाउन मुख्य भूमिका खेलेका छन्। 'हाल वर्षा नभएर सुक्खा बढ्दो अवस्थामा छ, ।

यसले धुलो र धुँवा वायुमण्डलमा थुप्रिन सहयोग गरेको छ,' उनले भने–वर्षा भएमा हावामा रहेका कणहरु जमिनमा बस्छन् र प्रदूषण घट्छ, तर हाल त्यो अवस्था छैन। उनका अनुसार सम्बन्धित निकायलाई दीगो तथा वातावरणमैत्री विकासका उपायहरु प्रभावकारीरुपमा कार्यान्वयन गर्न आग्रह गरिएको छ।

जल तथा मौसम विज्ञान विभागका मौसमविद् बिनु महर्जनले आगामी तीन दिनसम्म उल्लेखनीय वर्षाको सम्भावना नरहेको र तापक्रम अझै बढ्ने संकेत देखिएको जानकारी दिए। 'वर्षा नहुँदा वायु मण्डल सफा हुन सक्दैन, जसले प्रदूषण थप बढाउने सम्भावना रहन्छ,'।

उनले भने, विशेषगरि नेपालको वायु प्रदूषणको असर बालबालिका, ज्येष्ठ नागरिक तथा श्वासप्रश्वास र मुटुरोगीलाई पर्ने जनाइएको छ। अत्यावश्यकबाहेक बाहिर ननिस्कन, मास्क प्रयोग गर्न र धुलो–धुँवाबाट जोगिन सबैलाई सुझाइएको छ।

बालबालिका क्षेत्रलाई प्राथमिकता

काठमाडौं/संघीय संसद् र प्रदेशसभाका सदस्यहरुले सरकारको आगामी नीति, कार्यक्रम र बजेटमा बालबालिका क्षेत्रलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरेका छन्। सांसद्हरुले बालअधिकारमुखी बजेट र नीतिगत् व्यवस्थाका लागि आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै बालसंरक्षणका कार्यक्रम कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन्।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) ले बिहीबार सांसद्हरुसँग आयोजना गरेको छलफलमा विभिन्न पार्टीका सांसद्हरुले बालबालिका र शिक्षामा हुने लगानी भविष्यको सुनिश्चितता भएकाले यस क्षेत्रमा बजेट वृद्धि हुनुपर्नेमा जोड दिए। बालबालिका क्षेत्रमा बजेट वृद्धि गर्ने, बालविवाह अन्त्यसम्बन्धि कार्ययोजनाको कार्यान्वयन, बालमैत्री स्थानीय शासनको प्रवर्द्धन, विद्यालय खाजा कार्यक्रमको वृद्धि, बालपोषण भत्ता वृद्धि र देशभर विस्तार, बाल बालिकासम्बन्धि ऐन र विद्यालय शान्तिक्षेत्र निर्देशिका संशोधनलगायत विषयमा सांसद्हरुको समान मत रहेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधिसभा सदस्य भूमिका श्रेष्ठले यौनिक तथा अल्पसंख्यक बाल–बालिकाको सवाललाई प्राथमिकता दिनुपर्ने बताइन्। नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य बासना थापाले बालअधिकारका लागि भएका अन्त–र्राष्ट्रिय अभिसन्धि, नेपालको संविधान र विद्यमान ऐनअनुसार उचित बजेट र कार्यक्रम ल्याइनुपर्ने बताइन्।

नेकपा (एमाले) का राष्ट्रिय सभा सदस्य रोशनी मेचेले छलफलमा आएका अधिकारमुखी र सकारात्मक सुझावहरुलाई सदनमा आवाज उठाइने बताइन्। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का गणेश बिकले बजेट निर्माणमा सांसद्हरुको भूमिका–लाई महत्व दिइनुपर्ने र बालबालिका क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताए। राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधिसभा सदस्य सरस्वती लामाले बालविवाह अन्त्य, बालहिंसा अन्त्यजस्ता सवालमा सरकार गम्भीर हुनुपर्ने बताइन्। छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टीका ज्ञानु पौडेल, राजन गौतम, कांग्रेसका निनुकुमारी कर्ण, एमालेका साजिदा खातुन सिद्धिकी, यशुदाकुमारी बराल, नेकपाका पार्वती बिकलगायत प्रतिनिधिसभा, राष्ट्रियसभा र बागमती प्रदेशसभाका गरी ३६ सांसद सहभागी थिए।

सिजप अध्यक्ष तिलोत्तम पौडेलले नेपालको जनसंख्याको ३३.८४ प्रतिशत् रहेका बालबालिका–सम्बन्धि राष्ट्रिय गौरवका योजना हुनुपर्ने र बालबजेट संकेत कायम हुनुपर्नेमा जोड दिए। अभियानले यसअघि महिला, बालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता बादीलाई बालबालिका तथा उनीहरुको हक अधिकारको बारेमा आगामी नीति, कार्यक्रम र बजेटमा समावेश हुनुपर्ने विषयहरुबारे ध्यानाकर्षण गराउँदै सकेको छ।

साइबर क्राइमका दैनिक ९० उजुरी

काठमाडौं/प्रहरी महानिरीक्षक (आईजीपी) दानबहादुर कार्कीले सामाजिकसञ्जाल प्लेटफर्महरुको सम्पर्क केन्द्र नेपालमा दर्ता नहुँदा विद्युतीय (साइबर) अपराधमा परेका मुद्धाको छिनोफानो गर्न कठिन भएको बताएका छन्।

राष्ट्रियसभा, संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा साइबर बुलिङ तथा साइबर अपराध र नियन्त्रणका लागि भइरहेका प्रयासको ब्रिफिङ गर्ने क्रममा महानिरीक्षक कार्कीले सामाजिकसञ्जालमा फर्त् फेक आईडी बनाउने, गालीगलौज गर्ने, गलत सूचना दिनेलगायत डिजिटल बैंकिङ जस्ता जघन्य अपराध बढि–रहेको उल्लेख गर्दै पीडितलाई द्रुतगतिमा न्याय दिन चुनौती थपिएको बताए। धेरैजसो फेसबुक, इन्स्टाग्राम, हवाट्सएपलगायत प्लेटफर्मको दुरुपयोग गर्दै हिंसात्मक गतिविधि भएका मुद्धा प्रहरीमा दर्ता भएको उनले बताए। उनका अनुसार कार्यालयमा साइबर क्राइमसँग सम्बन्धित दैनिक ८० देखि ९० वटा उजुरी पर्ने गरेका छन्।

प्रहरी कार्यालयमा गत वर्ष साइबर बुलिङ र हिंसाका तीन हजार उजुरी परेको महानिरीक्षक कार्कीले जानकारी दिए। गत वर्ष भने विद्युतीय अपराधसम्बन्धि १८ हजार ९ सय २६ उजुरी परेका थिए। सामाजिक सञ्जालका प्लेटफर्ममार्फत् व्यक्तिको चरित्रहत्या गर्ने, यौनहिंसा गर्ने, गालीगलौज गर्ने र मिथ्या सूचना प्रसार गर्नेलगायत क्रियाकलापले अपराधिक गतिविधिलाई बढावा दिएको उनले सुनाए। पर्याप्त जनशक्ति अभाव, प्रविधि सम्पन्न संरचना अभाव, पुरानो कानुन हुनुका साथै सामाजिकसञ्जाल प्लेटफर्म सम्पर्क केन्द्र नहुँदा अपराध व्यवस्थापन गर्न चुनौती झेल्नुपरेको महानिरीक्षक कार्कीको भनाइ थियो

ओभरलोड ट्रक र टि्रपरमाथि कडा कारबाहीको निर्देशन

हेटौंडा/जिल्ला प्रशासन कार्यालय मकवानपुरले ओभरलोड बोकेर सञ्चालनमा रहेका ट्रक तथा टि्रपरमाथि कडा कारबाही गर्न जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई निर्देशन दिएको छ।

बिहीबार जारी गरिएको पत्रमा जिल्लाभित्र सञ्चालन हुने मालवाहक सवारी साधनहरूले तोकिएको भारभन्दा बढी सामग्री बोक्ने तथा ढुंगा-गिट्टी ढुवानी गर्दा पालना गर्नुपर्ने मापदण्ड उल्लंघन गर्ने क्रम अझै जारी रहेको उल्लेख गरिएको छ। प्रशासनका अनुसार यस्ता गतिविधि नियन्त्रण गर्न पटक-पटक मौखिक अनुरोध गरिए पनि अटेरी हुँदै आएको छ।

गृह मन्त्रालयबाट समेत कडाइका साथ नियन्त्रण गर्न निर्देशन प्राप्त भएको जनाउँदै प्रशासनले ओभरलोड बोक्ने, त्रिपालले सामग्री नढाक्ने तथा मापदण्ड विपरीत ढुवानी गर्ने सवारी साधनलाई तत्काल कडा कारबाही गर्न ट्राफिक प्रहरीलाई आग्रह गरेको छ।

यसका साथै दैनिक रूपमा गरिएका कारबाहीको विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउन पनि निर्देशन दिइएको छ।

'बाली जोगाउन बाँदर समात्ने, मार्ने जुक्ति दीर्घकालीन र मानवीय छैन'

नेपालको मध्यपहाडी भेगका किसानहरू बाँदरको आतंकबाट मकै, धान र फलफूलमा व्यापक क्षति भई खेती छोड्नुपर्ने अवस्थामा पुगेका छन्। सरकारले रातो बाँदरलाई कृषि हानिकारक जनावर घोषणा गरी खेतबारीमा पसेमा लखेट्न पाइने व्यवस्था गरेको छ, तर समातेर मार्न नपाइने नियम छ। बाँदर नियन्त्रणका लागि दीर्घकालीन समाधानमा बाँदरको संख्या र प्रजनन अवस्थाको तथ्यांक संकलन र वैज्ञानिक बन्ध्याकरण आवश्यक रहेको छ। बाँदर र मानिसबीचको द्वन्द्व अरु चर्किएको छ। एकातिर खेतीबालीमा बाँदर पस्ने क्रम बढेको छ भने, बाँदरलाई खोरमा थुन्ने र मार्ने क्रम उसैगरी बढेको छ। यहाँ कसलाई मार परेको छ ? को अन्यायमा छ ? त्यसको ठ्याक्कै जवाफ छैन।

दुवै आ-आफ्नो ठाउँमा समस्या ग्रस्त छन्। आफूले दुःख-जिलो गरेर लगाएको बाली बाँदर पसेर खाइदिएपछि किसानहरू रुष्ट छन्। भने उता, बाँदरहरू खाना खोज्दै मान्छेको बस्तीतिर पस्न थालेका छन्। जंगलमा खाना नपाएर बस्ती पसेका बाँदरको बाध्यतालाई बुझ्ने धैर्यता यतिबेला किसानसँग छैन।

नेपालका थुप्रै क्षेत्रमा अहिले धमाधम बाँदर समात्ने र खोरमा थुन्ने गरेको देखिन्छ। तर, के यसरी किसानले आफ्नो बालीनाली जोगाउने तरिका ठीक छ ? प्रश्न यसतर्फ मात्र छैन। कुनै प्राणीमाथि गरिने यस्तो व्यवहार कति न्ययापूर्ण र मानवीय छ ? प्रश्नको फेरो यतातिर पनि छ।

त्यसो भए अब के गर्ने त ? बाँदर व्यवस्थापनको कुनै यस्तो वैज्ञानिक र मानवीय तरिका छ ? जसले किसानको बालीनाली जोगाउन सकियोस्। यही विषयमा हामीले त्रिभुवन विश्वविद्यालय, प्राणीशास्त्र केन्द्रीय विभागका प्राध्यापक रहेका वन्यजन्तुविज्ञ डा. लक्ष्मण खनालसँग कुराकानी गरेका छौं। **बाँदरले किसानहरूको खेतीबालीमा ठूलो क्षति पुर्‍यायो भन्ने गुनासोहरू आइरहन्छन्। नेपालका कुन-कुन क्षेत्र बढी प्रभावित छन् ?**

रातो बाँदरले बालीनालीमा ठूलो क्षति गर्‍यो भनेर नै 'बाँदरको आतंक' भन्ने शब्द प्रयोग भइरहेको छ। यो समस्या मुख्यरूपमा नेपालको मध्यपहाडी भेगका जिल्लाहरूमा अत्याधिक छ। पूर्वमा इलाम, पाँचथर, भोजपुरदेखि पश्चिममा बैतडी-सम्मका मध्यपहाडी जिल्लाहरू सबैभन्दा बढी प्रभावित छन्।

त्यसबाहेक तराईका केही जिल्लाहरू जस्तै बाँके, बर्दिया, कैलालीका किसानहरूले पनि बाँदरको समस्या भएको बताइरहेका छन्। शहरी क्षेत्रहरूमा जस्तै हेटौंडा, काठमाडौंमा भने बालीनालीभन्दा घरका फलफूल चोर्ने, तोडफोड गर्ने र घरभित्रका खानेकुरा खाइदिने समस्या बढी देखिन्छ। तर, बालीनाली नोक्सानीको हिसाबले मध्यपहाडी भेग नै सबैभन्दा बढी प्रभावित छ।

-बाँदरले कुन-कुन बालीमा बढी क्षति पुर्‍याउँछ ? कुन बाली सबैभन्दा बढी जोखिममा छ ?

विशेष गरी रातो बाँदरले प्रायः सबै प्रकारका बालीमा क्षति गर्छ, तर क्षतिको मात्रा र तरिका बालीअनुसार फरक पर्छ। बाँदरले बाली खाएर, च्यातेर, उखेलेर वा कोतरेर नष्ट गर्छ। रोप्ने बेलादेखि उम्रिने, फुल्ने, फल्ने र थन्क्याउने बेलासम्म सबै चरणमा समस्या हुन्छ।

मकै सबैभन्दा बढी प्रभावित र जोखिमपूर्ण बाली हो। बाँदरले मकैलाई अत्याधिक मन पराउँछ। बीउ टिपेर खान्छ, उम्रेको बिरुवा २-३ पाते हुँदा उखेलेर खान्छ, घोगा लाग्न थालेपछि घोगा च्यात्छ र दाना लागेपछि झन् बढी नष्ट गर्छ।

हुप्रचौरमा ज्येष्ठ नागरिक विश्रामकक्ष

हेटौंडा/हेटौंडा उपमहानगरपालिका–४ स्थित हुप्रचौरमा ज्येष्ठ नागरिकका लागि विश्रामकक्ष निर्माण कार्य सुरु गरिएको छ। बुधबार आयोजित एक कार्यक्रमबीच वडा अध्यक्ष नवीन सिग्देलले उक्त कक्षको शिलान्यास गरेका हुन्। वडा कार्यालयको समन्वय तथा बागमती प्रदेश सरकारको पर्यटन तथा संस्कृति मन्त्रालयको आर्थिक सहयोगमा कक्ष निर्माण हुन लागेको हो।

आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजित १८ लाख रुपियाँ बजेटबाट ज्येष्ठ नागरिक विश्रामकक्ष स्थापना गरिने वडा अध्यक्ष सिग्देलले जानकारी दिए। हुप्रचौर क्षेत्रमा दैनिकरुपमा सयौं ज्येष्ठ नागरिकको आवतजावत हुने तथा उनीहरु बस्ने भएकाले सहजता प्रदान गर्न कक्ष निर्माण गर्न लागिएको बताइएको छ। स्थानीय र ज्येष्ठ नागरिकको मागका आधारमा योजना अघि बढाइएको अध्यक्ष सिग्देलको भनाइ छ।

कार्यक्रममा वडा कार्यालयका जनप्रतिनिधि तथा कर्मचारी, हेटौंडा उपमहानगरपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख विष्णुकुमारी लामिछाने, माइती नेपालकी कार्यक्रम संयोजक माया लामालगायत स्थानीय ज्येष्ठ नागरिकको सक्रिय उपस्थिति रहेको थियो।

आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा



आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

हेटौडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष समाचार
शुक्रबार ११ बैशाख २०८३
Friday 24 April 2026

शीर्ष ६ भित्र पुग्न सुखद् नतिजाको आश

सन्देश संवाददाता

काठमाडौं/आईसीसी क्रिकेट विश्वकप लिग-२ मा शीर्ष ६ स्थानभित्र पुग्न नेपालका केही दिनपछि हुने दुई वटा श्रृंखलामा थप खेलमा सुखद् नतिजा निकाल्नुपर्ने भएको छ । यूएई, ओमान र नेपालबीचको एउटा श्रृंखलामा चार वटा खेल र स्कटल्याण्ड, अमेरिका र नेपालबीचको अर्को श्रृंखलामा थप चार वटा खेल गरी कुल आठ खेलबाट नेपालले प्रतियोगितामा शीर्ष ६ भित्र प्रवेश गर्न कम्तिमा पाँच खेल जित्नु पर्नेछ ।

जम्मा २० खेलबाट १२ अंक जोडेर सातौं स्थानमा रहेको नेपालका लागि आफ्नै भन्दा माथिल्लो तालिकामा रहेका नामिबियाल र क्यानडालाई उछिन्न कम्तिमा पाँचौं खेलको जित पर्याप्त हुनेछ भने चौथो स्थानमा रहेको नेदरल्याण्डसलाई भेट्टाउन सबै खेलमा राम्रो स्कोरका जित आवश्यक छ ।

२१ अंक जोडेर छैटौं स्थानमा रहेको क्यानडा, २२ अंकसहित पाँचौं स्थानमा रहेको नामिबियालाई तथा २८ अंकसहित चौथो स्थानमा रहेको नेदरल्याण्डसलाई पछाडि पार्न लगातार खेल जित्नको विकल्प रहने छैन । अघिल्लो संस्करणको जस्तो खेलको नतिजा आए शीर्ष चारसम्म पुग्न तीं आठ खेल नै काफी हुनछन् । तर, सधैं त्यही खालको नतिजा आउँछ भन्ने हुँदैन ।

यस पटकको खेलमा नेपाली टिममा शीर्षेर पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी उपकप्तान, कुशल भुर्तेल, आशिफ शेख, भीम सार्की, आरिफ शेख, बसिर अहमद, गुल्सन झा, सोमपाल कामी, सन्दीप लामिछाने, ललित राजवंशी, बिनोद भण्डारी, नन्दन यादव, अर्जुन कुमाल र करण केसी छन् । मुख्य प्रशिक्षक स्टुआर्ट ल हुन् भने सहायक प्रशिक्षकहरुमा कलाम अली र बसन्त शाही छन् ।

भिड्न त्यति सहज छैन

अघिल्लो संस्करणभन्दा यसपटकको आईसीसी क्रिकेट विश्वकप लिग-२ नेपालका लागि फरक देखिएको छ । बैशाख १२ देखि जेठ ८ गतेसम्म हुने दुई वटा लिग-२ तालिकामा नेपाल २० खेलमा पाँच जितसहित १२ अंकसाथ पुछार बाट दोस्रो अर्थात सातौं स्थानमा छ । नेपालले दुई खेलबाट एकएक अंक बटुलेको छ । स्कटल्याण्ड र ओमानसँगको एकएक खेल रद्द भएर दुवै टिमले अंक बाँडेका थिए ।

ओमान २३ खेलमा १३ जित र ७ हारसँगै २९ अंकसहित तेस्रो स्थानमा छ । नेपाल जतिनै समान २० खेल खेलेको युएई ५ जित र १५ हारका साथ १० अंक बटुल्दै तालिकाको पुछारमा छ । ओमान र यूएई सम्मिलित श्रृंखला सकिएको अर्को सातामै फेरि नेपाल, अमेरिका र स्कटल्याण्ड सम्मिलित अर्को श्रृंखला सुरु हुनेछ । उक्त श्रृंखला बैशाख २९ गतेदेखि जेठ ८ गतेसम्म चल्नेछ । नेपालले बैशाख २९ गते मंगलबार स्कटल्याण्डसँग खेल्नेछ । जेठ २ गते शनिबार अमेरिकासँग खेलेछ भने जेठ ४ गते सोमबार पुनः स्कटल्याण्डसँग र जेठ ८ गते शुक्रबार पुनः अमेरिकासँग नेपालले प्रतिस्पर्धा गर्नेछ ।

दुवै श्रृंखला त्रिवि क्रिकेट मैदानमा हुनेछ । सबै खेल विहान ९:३० बजे सुरु हुनेछ । नेपालले अमेरिकासँग यसअघि गत अक्टोबर-नोभेम्बरमा भएको प्रतिस्पर्धामा दुवै खेल हारेको थियो भने सन् २०२४ को अक्टोबर नोभेम्बरको दुवै खेलमा पनि नेपाल अमेरिकासँग स्तब्ध भएको थियो ।

गत जुनमा भएको श्रृंखलामा स्कटल्याण्डसँगको एक खेल जितेको नेपालले अर्को खेल भने उसैलाई सुम्पिएको थियो । सन् २०२४ को अक्टोबर नोभेम्बरको प्रतिस्पर्धामा १ खेल स्कल्याण्डसँग निराश बन्दा अर्को खेल रद्द हुँदा दुवैले अंक बाँडेका थिए ।

तलिकामा अमेरिकाको दबदबा

आईसीसी क्रिकेट विश्वकप लिग-२ तालिकामा अमेरिका २४ खेलमा ९८ जित र ६ हारका साथ ३६ अंक जोडेर शीर्षस्थानमा छ भने स्कटल्यान्ड २८ खेलमा १४ जित र ८ हारका साथ ३४ अंक जोडेर दोस्रो स्थानमा छ । स्कटल्याण्डले ६ वटा खेलमा एकएक अंक जोडेको छ । तेस्रो स्थानको ओमानसँग २४ खेलमा २९ अंक छ भने चौथो स्थानको नेदरल्यान्डसको २४ खेलमा १३ जित र ९ हारका साथ २८ अंक छ ।

उसको थप दुई अंक खेल र द्वै हुँदा प्राप्त भएको छ । नामिबियाले २८ खेलबाट १० जित, दुई खेल नतिजाविहीन र १६ हारका साथ २२ अंक बनाएको छ । नामिबिया पाँचौं स्थानमा छ । क्यानडा २४ खेलमा ९ जित, तीन नतिजाविहीन खेलको तीन अंकसँगै २१ अंकका साथ छैटौं स्थानमा छ । युएईले २० खेलमा पाँच जित र १५ हारबाट १० अंकमात्र बनाएको छ । युएई तालिकाको पुछारमा छ ।

हालसम्मका खेलका नतिजा

सन् २०२४ को फेब्रुअरीमा कीर्तिपुरस्थित त्रिवि मैदानमा आईसीसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत् नेपाल, नामिबिया र नेदरल्याण्डसबीच प्रतिस्पर्धा भएको थियो । जसमा नेपालले पहिलो खेलमा नामिबियासँग चार विकेटले हार्न पुग्यो भने दोस्रो खेलमा नेदरल्याण्डसलाई ९ विकेटले हराउन सफल भयो । तेस्रो खेलमा गएर नामिबियासँग दुई विकेटले पराजित हुँदा चौथो खेलमा नेदरल्याण्डसले नेपाललाई आठ विकेटले निराश बनाइदियो । यस श्रृंखलामा नेपालले मात्र दुई अंक जोड्न सक्यो ।

सन् २०२४ को सेप्टेम्बरमा क्यानडामा भएको चार खेलमा नेपालले कुनै पनि खेल जित्न सकेन । उक्त टुरमा क्यानडाले पहिलो खेलमा एक सय तीन रनले तथा अर्को खेलमा पाँच विकेटले हरायो । ओमानसँगको पहिलो खेल एक विकेटले नेपालले सुम्पियो । अर्को खेल रद्द हुँदा उक्त टुरमा नेपालको खातामा एक अंकमात्र रह्यो ।

सन् २०२४ कै अक्टोबर र नोभेम्बरमा अमेरिकाको डल्लासमा भएको आईसीसी क्रिकेट विश्वकप लिग-२ को अर्को श्रृंखला पनि नेपालका लागि त्यत्ति सुखद् रहेन । नेपालले उक्त टुरबाट तीन अंक बटुल्यो । स्कटल्याण्डसँगको खेल नतिजाविहीन हुँदा नेपालले त्यसबाट एक अंक पायो भने अर्को खेलमा स्कटल्याण्डलाई नै पाँच विकेटले पाखा लगायो । घरेलु दर्शक र मैदानको साथ पाएको अमेरिकाले भने दुवै खेल आफ्नो पक्षमा पाऱ्यो । अमेरिकाले पहिलो खेलमा ३७ रनले तथा अर्को खेलमा तीन विकेटले नेपाललाई हरायो ।

सन् २०२५ को जुनमा स्कटल्याण्डमा भएको श्रृंखला नेपालका लागि सुखद् रहयो । खेलेका चार खेलमा तीन खेल जितै अघिल्ला तीन वटा श्रृंखलाबाट प्राप्त जत्तिकै ६ अंक बटुल्यो । नेपालले आयोजक स्कटल्याण्डलाई पहिलो खेलमा एक विकेटले हरायो भने अर्को खेलमा स्कटल्याण्डसँग दुई रनले हार्नपुग्यो । यी दुवै खेलमा अन्तिम बलले जित र हारको निर्णय गरेको थियो । यस टुरमा नेदरल्याण्डस दुवै खेलमा नेपाललँग पराजित भयो । पहिलो खेलमा पाँच विकेट र दोस्रो खेलमा १६ रनले नेदरल्याण्डस पराजित भयो । सन् २०२५ को अक्टोबर नोभेम्बरमा यूएईको दुबईमा भएको श्रृंखला नेपालका लागि पीडादायी र हयो । यूएई र अमेरिकासँगका सबै खेल नेपालले हार्नपुग्यो । यूएईले पहिलो खेलमा चार विकेट र दोस्रो खेलमा पाँच विकेटले हरायो । अमेरिकाले पहिलो खेलमा चार विकेट र दोस्रो खेलमा एक सय छ रनले पाखा लगायो ।

रोहित एकदिवसीयमात्र कप्तान

डल्लसीएल-२ मा रामो नतिजा न्याउनका लागि भनेर कप्तान रोहित पौडेललाई टी-२० फर्मांटको कप्तानसहित खेलाडी सूचीबाट हटाइएको छ । उनी यसअघि टी-२० र एकदिवसीय दुवै टिमका कप्तान थिए । क्यानले टी-२० को कप्तानका रुपमा दीपेन्द्रसिंह ऐरीलाई बनाएको छ ।

डल्लसीयनमा मात्र फोकस गरेर टिममा राम्रो नतिजा दिन यस निर्णय लिइएको नेपाल क्रिकेट संघ क्यानले जनाएको छ । कप्तान रोहितसहित केही अनुभवी र नियमित खेलाडी पनि टी-२० आई टोलीबाट हटाइएका थिए । रोहितसहित अनुभवी खेलाडीहरु करण केसी, सोमपाल कामी, ललित राजवंशी र आसिफ शेख टोलीमा नपरेपछि नयाँ युवा क्रिकेटरले अवसर पाएका छन् ।

ऊर्जा खपत र निर्यातको रणनीति

सन्देश संवाददाता

काठमाडौं/आर्थिक स्थान्तरणको प्रमुख आधार ऊर्जा क्षेत्रलाई बनाउने उद्धेश्यसहित ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३ ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्री विराज भक्त श्रेष्ठसमक्ष पेश गरिएको छ। मन्त्रालयका सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा गठित समितिले तयार पारेको रणनीति बिहीबार पेश गरिएको हो ।

चैत १३ गते मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधारसम्बन्धि एक सय बुँदे कार्यसूचीअन्तर्गत् बुँदा ७४ (क) र (ग) बमोजिम ऊर्जा खपत र निर्यात रणनीतिलाई सम्बोधन गर्ने गरी ऊर्जामन्त्री श्रेष्ठले उच्चस्तरीय अध्ययन समिति गठन गरेका हुन् । रणनीतिमा विद्युतको आन्तरिक खपत उल्लेख्यरुपमा बढाउन जोड दिँदै खपतपछि बचत भएको विद्युत् निर्यात प्रवर्द्धन गर्ने दीर्घकालीन मार्गचित्रसमेत प्रस्तुत गरिएको छ । शतप्रतिशत् घर धुरीमा विद्युतीकरण गर्दै प्रसारण र वितरण प्रणालीमा व्यापक सुधार गर्नुपर्ने पनि रणनीतिमा जोड दिइएको छ । विद्युतीय घरायसी उपकरणको प्रयोगमा थप आकर्षित गर्ने, मिटर र ट्रान्सफर्मरको क्षमतामा सुधार गरी एलपी ग्यासको प्रयोग क्रमशः घटाउनुपर्नेमा रणनीतिले जोड दिइएको छ । हाल प्रतिव्यक्ति ऊर्जा खपत करिब ४५० किलोवाट/आवर रहेकोमा आगामी १० वर्षभित्र १ हजार ५ सय किलोवाट/आवर पुऱ्याउन सकिने रणनीतिमा उल्लेख छ ।

सार्वजनिक यातायातका क्षेत्रमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिनुपर्ने, चार्जिङ स्टेसनहरुको नेटवर्क विस्तार गर्न सुझाव दिइएको छ । उद्योगहरुमा प्रयोग हुँदै आएको कोइला तथा पेट्रोलियममा आधारित बोयलरलाई विद्युतीय प्रणालीमार्फत् प्रतिस्थापन गर्ने नीति लिइएको छ ।

ऊर्जा खपत वृद्धिका निम्ति विद्युत् महसुललाई उपभोक्तामैत्री सिजनल दर तय गर्नुपर्ने योजना पनि रणनीतिमा समेटिएको छ । यसले ऊर्जा उपयोगको दक्षता बढाउनुका साथै व्यापार घाटा घटाउन र विदेशी मुद्रा सञ्चिति सुदृढ बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

उत्पादनतर्फ जलाशययुक्त तथा अर्धजलाशययुक्त जलविद्युत् आयोजनाहरुको हिस्सा बढाएर सुक्खा र वर्षायामबीच उत्पादन असन्तुलन समाधान गर्ने लक्ष्य लिइएको छ । देशव्यापी प्रसारणप्रणाली विस्तारसँगै अन्तर्देशीय प्रसारणलाइनमार्फत् क्षेत्रीय बजारमा विद्युत् निर्यात बढाउने योजना पनि अघि सारिएको छ । निर्यातलाई विशेषगरि उच्च माग हुने साँझका समयमा केन्द्रित गरी बढ्दो आर्थिक लाभ लिने रणनीति बनाइएको छ ।

जसमा आगामी १० वर्षभित्र १५ हजार मेगावाट् विद्युत निर्यात गर्न सकिने लक्ष्य लिइएको छ । रणनीतिले सम्भावित जोखिमहरुको पहिचान गर्दै तिनको व्यवस्थापनका लागि स्पष्ट उपायहरु प्रस्ताव गरेको छ । विद्युत् व्यापारमा निजीक्षेत्रको सहभागिता विस्तार गर्न र नेपाल विद्युत् प्राधिकरणमा संरचनात्मक सुधार गरी कार्यक्षमता अभिवृद्धि गर्ने विषयलाई पनि प्राथमिकतामा राखिएको छ। रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि कडा अनुगमन प्रणाली अपनाइने र कार्यसम्पादनका आधारमा जिम्मेवारी सुनिश्चित गरिने जनाइएको छ ।

समितिमा विद्युत् विकास विभागका उपमहानिर्देशक गोकर्ण पन्थ, मन्त्रालयका कानुन हेर्ने सहसचिव जोखबहादुर डाँगी, विद्युत् नियमन आयोगका सचिव नवीनराज सिंह, विद्युत् प्राधिकरणका निमित्त उपकार्यकारी निर्देशक राजन ढकाल, निर्देशक थर्कबहादुर थापा, मन्त्रालयका सीडीईइय राजु महर्जन र सञ्जीव राय सदस्य रहेको समिति गठन गरिएको थियो ।

विपद्अघि व्यवस्थापनको तयारी गर्न निर्देशन

सन्देश संवाददाता

काठमाडौं/विपद् आउनुअघि नै व्यवस्थापनको तयारी गर्न राष्ट्रियसभाका सदस्यहरुले निर्देशन दिएका छन् । राष्ट्रियसभा, संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा विपद्जन्य जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभको तयारीका विषयमा छलफलका क्रममा उक्त निर्देशन दिइएको हो ।

समिति सभापति जयन्तीदेवी राईले अब मानसुन सुरु भएसँगै बाढीपहिरो जस्ता विपद्का घटना घटनसक्ने सम्भावना हुँदा त्यसको नियन्त्रणका लागि पूर्वतयारी जरुरी रहेको बताइन् । सभापति राईले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई विपद् आउनुअघि नै व्यवस्थापनको तयारी गर्न निर्देशन दिइन् ।

बैठकमा समितिका सदस्यहरु ललितजंग शाही, श्रीकृष्णप्रसाद अधिकारी, दुर्गा गुरुङ, विष्णुकुमारी सापकोटा, धर्मेन्द्र पासवान लगायतले विपद् न्यूनीकरणका लागि जोखिम कम गर्ने कार्ययोजना बेलैमा सुरु गर्नुपर्ने बताए । समिति सदस्य पासवानले मधेस सुक्खा, बाढी, आगलागी, हावाहुरी, शितलहर लगायत प्राकृतिक प्रकोपको जोखिममा पर्ने हुँदा बेलैमा प्रभावकारी कार्ययोजना बढाउन सुझाव दिए ।

उनले भने-सकेसम्म विपद् आउनुअघि नै हुन नदिने तयारीमा जोड दिनुपर्छ । भइसकेपछि व्यवस्थापनमा राहतको विषय प्राथमिकतामा राख्नुपर्छ । समितिको बैठकमा गृहसचिव राजकुमार श्रेष्ठले विपद् व्यवस्थापनमा स्थानीय तहलाई बलियो बनाएर सहकार्य गर्नुपर्नेमा जोड दिए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले विपद् व्यवस्थापनका लागि विगतमा गरिएका प्रयास र यस वर्ष गर्न लागिएको तयारीबारे समितिमा ब्रिफिङ गरे ।

यस क्रममा उनले विगतको तुलनामा गत वर्ष विपद्का कारण मानवीय क्षति कम भएको जानकारी दिए । कार्यकारी प्रमुख भट्टले यसलाई सकारात्मक शिक्षाका रुपमा ग्रहण गर्दै आगामी विपद् जोखिमबाट सुरु क्षित हुन प्राधिकरणले कार्य योजना बनाइसकेको बताए ।

उनले कार्यपत्र प्रस्तुत गर्दै स्थानीय तह र त्यहाँका सरोकारवाला एवं संघसंस्थासँग प्रत्यक्ष सहकार्य गरेर विपद् जोखिमका बेला अपनाउनुपर्ने आधार तयार गर्दै आएको सुनाए । सूचना संयन्त्रलाई व्यापक बनाउने, जनचेतना विस्तार गर्न सञ्चारमाध्यमको प्रयोग बढाउनेदेखि विपद्सम्बन्धि सचेतना जगाउन विद्यालय पाठ्यक्रममा विषय समेट्नेलगायत दीर्घकालीन कार्ययोजना बनाएको कार्यकारी प्रमुख भट्टले जानकारी दिए ।

१८ वस्तुगत् संघलाई सदस्यता दिइने

सन्देश संवाददाता

काठमाडौं/नेपाल उद्योग वाणिज्य महासंघले सदस्यताको माग गर्दै आएका १८ वस्तुगत् संघलाई प्रक्रिया पुऱ्याएर सदस्यता दिने निर्णय गरेको छ । महासंघ केन्द्रीय कार्यकारिणी समितिको बैठकले १८ वटै वस्तुगत् संघलाई प्रक्रिया पुऱ्याएर सदस्यता दिने निर्णय गरेको हो ।

हालको कार्यकारिणी समितिले सदस्यता प्रदान गर्ने लिखित प्रतिबद्धता दिनेछ भने नयाँ कार्यसमितिले सदस्यता दिने छ । १८ संघले पर्यवेक्षकका रुपमा आगामी बैशाख २१ र २२ गते हुने साधारणसभामा भाग लिनेछन् । केन्द्रीय कार्यकारिणी समिति सदस्य राजकुमार कार्कीको अनुसार अनुसार प्रक्रिया पुऱ्याएर नयाँ सदस्यता प्रदान गर्न तर आगामी नेतृत्व चयनमा मताधिकार भने नहुने निर्णय भएको छ । १८ वस्तुगत् संघको सदस्यता विवाद अदालतसम्म पुगेको थियो । उच्च अदालत पाटनले विवाद टुंड्याएपछि मात्र साधारणसभा गर्न भनेपछि चैत २९ र ३० गतेका लागि तोकिएको साधारणसभा स्थगित भएको थियो ।

एउटा मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ । सदस्यता सिफारिस समितिले मापदण्ड नपुगेको भन्दै १८ संघलाई सदस्यता प्रदान गर्न नसकिने रायसहित प्रतिवेदन बुझाएको थियो । यद्यपि, केन्द्रीय कार्यकारिणी समिति बैठकले बीचको बाटो निकालेको छ । केन्द्रीय कार्यकारिणी समिति सदस्य राजकुमार कार्कीले भने-उहाँहरुले साधारणसभामा भाग लिन पाउनुहुने छ तर मतदानमा भने भाग लिन पाउनुहुने छैन । नयाँ सदस्यले नवीकरण गर्दा सबै मापदण्डको प्रक्रिया पुरा गर्ने सहमति पनि भएको छ । महासंघका तर्फबाट सर्वोच्च अदालतमा दर्ता गरिएको सदस्यता विवादको मुद्दा फिर्ता लिने र नयाँ सदस्यहरु पनि अदालतमा मुद्दा हाल्न नजाने र तोकिएको मिति बैशाख २१ र २२ गते नै साधारणसभा गर्ने सहमति भएको छ ।

११० जोडीले टुटाए सम्बन्ध

सन्देश संवाददाता

रत्ननगर/रत्ननगर नगर पालिकामा एक वर्ष अवधिमा १ सय १० जोडीले सम्बन्धविच्छेद गरेका छन्। नगरपालिकाको सामाजिक तथा पञ्जीकरण उपशाखाका अनुसार २०८२ बैशाख १ देखि चैत ३० सम्मको अवधिमा १ सय १० जोडीहरु कानुनी रुपमा अलगिएका हुन् । आर्थिक वर्ष २०८१/०८२ मा ६ सय २३ जोडीले सम्बन्ध गाँस्दै गर्दा १ सय १० जोडीले सम्बन्ध टुटाएका थिए ।

नगरपालिकाका १६ वडाहरुमध्ये वडा नम्बर-११ मा सबभन्दा धेरै १४ जोडीले सम्बन्धविच्छेद गरेका छन्। रत्ननगर-८ मा भने वर्षभरि एउटा पनि सम्बन्धविच्छेदको घटना दर्ता भएको छैन। रत्ननगर-८ मा सबभन्दा कम एक जोडीले मात्र सम्बन्धविच्छेद गरेको पञ्जीकरण उपशाखा प्रमुख रामप्रसाद बस्ताकोटीले जानकारी दिए। अन्य वडाको विवरणअनुसार वडा-१ मा १०, वडा-९ मा ८, वडा-१४ मा आठ तथा वडा-२ मा १३, रत्ननगर-१५ र १६ मा सात/सात जोडीले सम्बन्धविच्छेद गरेका छन्। वडा-३, ६, ७ र १० मा छ/छ जोडी तथा वडा-५ मा पाँच जोडीको सम्बन्धविच्छेदको घटना दर्ता भएको छ। नगरपालिकामा वर्षभरि भएका घटना दर्तामध्ये सबभन्दा धेरै जन्मदर्ता भएको पाइएको छ। एक वर्षमा कुल ८ सय ७५ जनाको जन्मदर्ता भएकोमा ४ सय ३१ बालिका र ४ सय ४४ बालक छन्। सबभन्दा धेरै जन्मदर्ता रत्ननगर-१५ मा ८७ जना र सबभन्दा कम रत्ननगर-६ मा २९ जनाको भएको छ ।

सरकारले बच्चा जन्मेको ३५ दिनभित्र जन्मदर्ता गर्न र सो समय कटेमा जरिवाना लाग्ने व्यवस्था गरे पनि मानिसहरु आवश्यक परेको बेलामात्र दर्ता गर्न आउने गरेको बस्ताकोटीले बताए।

उनले भने-हरेक वर्ष वडा-वडामा अभियान सञ्चालन गर्दा पनि जन्मदर्ता शतप्रतिशत् हुन सकेको छैन। हाल ७० प्रतिशत् हाराहारीमात्र छ। यस अवधिमा नगरपालिकामा ४ सय ६३ वटा मृत्युदर्ता भएका छन्। सबभन्दा धेरै रत्ननगर-१४ मा ४८ जना र सबभन्दा कम रत्ननगर-२ मा १२ जनाको मृत्युदर्ता भएको छ। सम्पत्ति लेनदेन वा भागबण्डाको काम नपर्दासम्म मृत्युदर्ता गर्न नआउने प्रवृत्तिले गर्दा मृत्युको वास्तविक तथ्यांक आउन कठिन भएको प्रमुख बस्ताकोटीको भनाइ छ ।

विवाहदर्तातर्फ रत्ननगरका १६ वटा वडामा कुल ५ सय ५० जोडीले विवाहदर्ता गरेका छन्। जसमध्ये रत्ननगर-१३ बाट सबभन्दा धेरै ५१ जोडी र रत्ननगर-७ बाट सबभन्दा कम २३ जोडीले विवाहदर्ता गराएका छन्।

बसाईसराइको तथ्यांक हेर्दा रत्ननगरबाट बाहिर जानेभन्दा भित्रिनेको संख्या निकै धेरै देखिएको छ। एक वर्ष अवधिमा ४ सय ८८ परिवार (एक हजार ५ सय ५५ जना) रत्ननगरमा बसाई सरेर आएका छन् भने सोही अवधिमा १ सय ९० परिवार (४ सय ८० जना) मात्र यहाँबाट अन्यत्र बसाई सरेर गएका छन्। उक्त तथ्यांकले रत्ननगर नगरपालिका बसाईसराइका लागि प्रमुख रोजाइको केन्द्र बनिरहेको देखाएको छ ।

अन्त्येष्टिमा देखिएको एक फरक दृष्य

मुगु/छायानाथ रारा नगरपालिका-४ का ६५ वर्षीय साङ्ग्या रोकायाको आफ्नै कालगतिले निधन भएपछि गरिएको अन्त्येष्टि कार्यक्रममा एक फरक र अर्थपूर्ण दृष्य देखिएको छ । मलामीमा सहभागी भएका नगर प्रमुख विष्णुकुमार भाम स्वयम् बाजा बजाउँदै अघि बढेपछि यस विषय हाल चर्चामा छ ।

सामान्यतया दलित समुदायसँग मात्र जोडिने र विशेषगरि उनीहरुले नै वहन गर्दै आएको बाजा बजाउने यस परम्परामा एक जनप्रतिनिधि स्वयम् सहभागी हुनु धेरैका लागि नौलो र सन्देशमूलक बन्यो । स्थानीय पर म्पराअनुसार अन्त्येष्टिमा बाजा बजाउने जिम्मेवारी प्रायः दलित समुदायले वहन गर्दै आएका छन् ।

तर, उक्त जिम्मेवारी केवल एक समुदायको मात्र नभएर हामी सबैको साझा हो भन्ने सन्देश दिन नगर प्रमुख भाम आफैंले बाजा बजाएको स्थानीयले बताएका छन् । नगर प्रमुखको यस कदमले कार्यक्रममा उपस्थित विभिन्न जातजाति र समुदायबीच भावनात्मक एकता झल्काएको थियो । शोकको वातावरणमा सबैले मिलेर दिवंगतप्रति श्रद्धाञ्जलीअर्पण गर्दा सामाजिक सद्भावको बलियो उदाहरण प्रस्तुत भएको थियो ।

नगर प्रमुख भामले दुःखद् घडीमा सहकार्य, सहानुभूति र एकता आवश्यक हुने बताउँदै विभेदरहित समाज निर्माणमा सबैले भूमिका खेल्नुपर्ने धारणा राखे । उनले भने-मानवता सबभन्दा ठूलो धर्म हो, यस्तो समयमा हामी सबै एक भएर उभिनुपर्छ र विभेदका पर्खालहरु भत्काउनुपर्छ ।

स्थानीय बासिन्दाले नगर प्रमुखको यस्तो व्यवहारलाई समाजमा सकारात्मक परिवर्तनको संकेतका रुपमा लिएका छन् । उनीहरुका अनुसार यस्ता अभ्यासले समाजमा गहिरो गरी जरा गाडेको जातीय विभेद घटाउनुका साथै पारस्परिक सम्मान र सद्भाव बढाउन ठूलो सहयोग पुग्नेछ ।

छायानाथ-रारा नगर पालिकामा पछिल्लो समय सामाजिक समावेशिता प्रवर्द्धन गर्ने गतिविधि बढ्दै गएका छन् ।

जनप्रतिनिधि स्वयम् यसरी सहभागी भएर उदाहरण प्रस्तुत गर्दा सामाजिक रुपान्तरणका सन्देशहरु अझ प्रभावकारीरुपमा समुदायमा फैलिने विश्वास छ ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।

सदाझै यहांहरुको माया र सदभाव पाईरहने आशासमेत गरेका छौं ।

चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले इच्छुक खरिदकर्तालें सिधै सम्पर्क राख्नुहोला ।

सम्पर्क :
९८४५०३१७८६, ९८२११४००२२

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिब २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । इच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

सम्पर्क नम्बर : ९८४५१२३३६६

आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ । इच्छुक खरिदकर्तालें तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-१ मानस चोक ।। फोन: ०५७-५२१२३७, ५२१४३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने